‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २३८ ★ ने. सं. ११४६ ञला थ्व, सप्तमी ★ शुक्रबार ★ २ असोज, २०८३ ★ September 18, 2026, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## भक्तपुरमा सञ्चालन भएका कतिपय अभ्यासलाई अन्य स्थानीय तहले पनि आफ्नो ठाउँमा लागू गर्न सके जनतालाई सहज हुने




भक्तपुर, १ असोज । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा शैक्षिक सत्र २०८३/०८४ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूका लागि स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँले कलेजको शैक्षिक कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरूलाई नगद पुरस्कारसहित सम्मानपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले नवआगन्तुक विद्यार्थीहरूलाई भक्तपुरमा स्वागत गर्दै भक्तपुरलाई आफ्नै घर र कलेजलाई आफ्नै कलेजका रूपमा सम्झन आग्रह गर्नुभयो । उहाँले विद्यार्थीहरूले आफूले देखेका गुनासो, समस्या तथा आवश्यक सुझाव सम्बन्धित सञ्चालक समिति र सरोकारवाला निकायसमक्ष राख्न सुझाव दिनुभयो ।

भक्तपुरलाई ‘टेस्ट ट्युब’ अर्थात् नयाँ अभ्यास र प्रयोगका लागि उपयुक्त स्थानका रूपमा विकास गर्न खोजिरहेको बताउँदै सानो भूगोल, तुलनात्मक रूपमा कम जटिलता र राजधानी काठमाडौँसँगको निकटताका कारण नयाँ योजना तथा अभ्यास सञ्चालन गर्न भक्तपुरमा सहज वातावरण रहेको बताउनुभयो ।

देशका विभिन्न जिल्ला तथा स्थानीय तहका जनप्रतिनिधिलगायतका विशिष्ट व्यक्तिहरू भक्तपुर नगरपालिकामा भइरहेका विभिन्न कामको अध्ययन तथा अनुभव आदानप्रदानका लागि आउने गरेको बताउँदै भक्तपुरमा सञ्चालन भएका कतिपय अभ्यासलाई अन्य स्थानीय तहले पनि आफ्नो ठाउँमा लागू गर्न सके जनतालाई सहज हुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले पछिल्लो समय देशले विभिन्न प्राकृतिक विपद्बाट ठुलो क्षति व्यहोर्नुपरेको प्रसङ्ग उठाउँदै विपद् व्यवस्थापन र पूर्वतयारीबारे गम्भीर समीक्षा आवश्यक रहेको बताउनुभयो ।

रसुवामा आएको बाढी तथा कृष्णभिर र मेलम्ची क्षेत्रमा भएका विपद्का घटनाले पूर्वाधार निर्माण, वातावरण र विपद् व्यवस्थापनसँग सम्बन्धित विषयमा थप अध्ययन आवश्यक भएको बताउनुभयो ।

यस्ता घटनालाई प्राकृतिक विपद्का रूपमा मात्र हेर्न नहुने बताउँदै उहाँले यो इन्जिनियरिङसँग सम्बन्धित विषय हो; हाम्रो इन्जिनियरिङमै त्रुटि भयो कि, सरकारको गम्भीरता नपुगेका कारण यस्तो भइरहेको छ वा यस्ता विपद्का पछाडि राजनीतिक पक्ष पनि जिम्मेवार छ, यी सबै विषयमा गम्भीर अध्ययन हुनुपर्छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहबाट सञ्चालित देशकै पहिलो प्राविधिक कलेज भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को परिकल्पनामा भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन स्थापना भएको ख्वप सर्कलअन्तर्गतका शैक्षिक संस्थाहरूले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको उहाँले उल्लेख गर्नुभयो ।

कलेज स्थापनाको २५ वर्ष पूरा भएको सन्दर्भमा स्थापनाको उद्देश्य पूरा हुने क्रममा रहेको बताउँदै नगर प्रमुख प्रजापतिले कलेजमा देशका विभिन्न

बाँकी पृष्ठ ८ मा

## विरोधीहरूबिच एकता र सङ्घर्ष द्वन्द्ववादको एक नियम

हरेक वस्तुमा दुई अन्तरविरोधका पक्ष हुन्छन् । ती वस्तु एक आपसमा लड्छन् र आ-आफ्नो अस्तित्वको लागि फेरि एक अर्कासित मिल्छन् । यी दुवै पक्ष गतिशील र सजीव हुन्छन् । कुनै खास स्थितिमा ती एक अर्कोमा परिणत हुन्छन् । मानौँ, पुँजीवादी समाज एक वस्तु हो । त्यस समाजमा पुँजीपति र सर्वहारा या श्रमजीजी जनता अन्तरविरोधपूर्ण पक्ष हुन्छन् ।

दुवै पक्षको आ-आफ्नै स्वार्थ हुन्छ । अलग्ग अलग्ग स्वार्थ र उद्देश्य भए पनि तिनीहरूबिच एक अर्कासित सम्बन्ध गाँसिएको हुन्छ । यसको आधारमा उनीहरूबिच एकता पनि छ । तर, यी दुई पक्षबिच सङ्घर्ष पनि हुन्छ । कुनै पुँजीपतिवर्गले कुनै उद्योग सञ्चालन गर्न श्रम शक्तिको आवश्यकता हुन्छ । त्यो शक्ति पुँजीपतिवर्गले किन्नुपर्ने हुन्छ या श्रम शक्ति लगाउनुपर्ने हुन्छ । यता मजदुर या श्रमजीवीले पनि आफ्नो जीवन जोहो गर्न श्रमशक्ति बेच्नुपर्ने हुन्छ या काम गर्नुपर्ने हुन्छ । यो नै विपरीत तत्त्वबिचको एकता हो । अनि ती दुई पक्षबिच सङ्घर्ष पनि हुन्छ । पुँजीपतिवर्ग बढीभन्दा बढी नाफा कमाउन खोज्छ । यसको निम्ति मजदुर घटाउनुपर्ने हुन्छ या धेरै काम गराएर ज्याला कम दिने प्रयास गर्छ । मजदुर नघटाई नाफा नहुने र नाफा नघटाई मजदुरी बढ्दैन । यसरी पुँजीपति र मजदुरबिच मतभेद हुन्छ । मतभेद चर्कँदै या विचार नमिलेरै सङ्घर्ष हुन्छ । यो सङ्घर्ष चर्कँदै गाउँ-गाउँ र बस्ती बस्तीमा पुग्छ या हरेक उद्योग र कारखानामा माग पूरा गर्न र गराउन आन्दोलन हुन्छ । सहमति नभएमा अन्ततः सङ्घर्ष चर्केर आन्दोलन अघि बढ्छ र मजदुरवर्गले विजय प्राप्त गर्छ । सङ्घर्ष सफल भएपछि मजदुरवर्गले पुँजीपतिवर्गमाथि शासन गर्छ ।

यसको आधारमा हरेक वस्तु, प्रकृति र सामाजिक जीवनका हरेक क्षेत्रमा विरोधीहरूबिच एकता र सङ्घर्ष हुन्छ । हरेक विरोधी पक्षहरू आ-आफ्ना अस्तित्वको लागि सङ्घर्ष मात्र होइन एक आपसमा मिल्छन् पनि । शोषक नभई शोषित हुन्न, शोषित नभई शोषक हुन्न । राम्रो - नराम्रो, नयाँ - पुरानो, सत्य - असत्य, न्याय - अन्याय भइहाल्छ । यसको अन्तर सङ्घर्ष पुँजीपति र शोषित पीडित जनताबिच मात्र होइन पुँजीपति र पुँजीपति तथा कम्युनिस्ट र कम्युनिस्ट पार्टीबिच पनि हुन्छ; भइरहेको छ ।

एकता र सङ्घर्षको कुरा एकै साथ सँगसँगै हुन्छ । कहिले एकता र कहिले सङ्घर्षको रूपमा हुँदैन । तर, त्यो एकता सधैँ हुन्छ भन्ने होइन । त्यो एकता क्षणिक या अस्थायी पनि हुन्छ । आखिर यी दुई पक्षको सङ्घर्षमा पुरानो पक्षमाथि नयाँ र खराब पक्षमाथि असल पक्षको विजय हुन्छ । सामन्त, पुँजीपति, प्रतिक्रियावादी, साम्राज्यवादी, उपनिवेशवादी या शोषकहरूको हारको अर्थ शोषित पीडित जनता या श्रमजीवीवर्गको विजय पनि हो । त्यस्तै दास र मालिकबिच पनि सङ्घर्ष हुन्छ । जमिनदार, सामन्त र किसानबिच पनि सङ्घर्ष हुन्छ । तर पनि जमिनदार र किसानबिच त्यतिकै सम्बन्ध रहेको हुन्छ । वर्गीय समाजमा वर्गसङ्घर्ष हुन्छ त्यसै भनिएको होइन । वर्गसङ्घर्ष हुँदा एक पक्ष अवश्य विजय भएको हुन्छ । कुन पक्ष विजय हुन्छ भन्ने कुरा त्यो देशका जनताको एकता, सङ्घर्ष, राजनीतिक चेतना र सङ्गठित शक्तिमा भर पर्छ ।

नेपालमा कम्युनिस्ट पार्टी धेरै छन् । कम्युनिस्ट पार्टी कहिले छुटेको त कहिले जुटेको पाइएको छ । देशमा वर्गसङ्घर्षको विचार आत्मसात गर्ने र छोड्ने कम्युनिस्ट पार्टी छ । देशमा पुँजीवादी व्यवस्थाको सरकारमा जाने र नजाने कम्युनिस्ट पार्टी छन् । देशमा निर्वाचनमा जित्नको लागि सिद्धान्त र विचार बन्धक राखेर राजावादी, पुँजीवादी र क्षेत्रीयवादी दलसँग मिल्ने र

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उब्जेका प्रश्न

- भोटेकोसी बाढी पीडित जनताले त्रिपालमुनि अस्थायी बासमा बसेर खाद्यान्न र कपडा मागेर बाँच्नुपर्दा अत्यधिक चिन्ता बढेको गुनासो गर्दै अब राहत होइन स्थायी आवास र रोजगारीको बन्दोबस्त गर्नुपर्ने आवाज उठाउँदै छन् । यता सङ्घीय राजधानीमा सरकार चलाउँदै आएको रास्वपा भने सर्वदलीय बैठकमा अलमलिएको छ । के सर्वदलीय बैठकले बाढी पीडित जनताको समस्या समाधान होला र ?
- पाँच महिनादेखि होल्डिङ सेन्टरमा राखिएका काठमाडौँका सुकुमवासीहरूको पनि स्थायी बन्दोबस्त नभएको गुनासो बढ्दो छ । रास्वपा सरकारले हुकुमवासी र सुकुमवासीबिच भेद अझै छुट्याउन नसकेको पनि पीडितहरूको गुनासो छ । शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सुरक्षा पुँजीवादी सरकारबाट नहुने यथार्थ अब सर्वसाधारण नेपाली जनताले बुझ्नै पर्ने भयो । पैतीस वर्षयताका सरकारहरूबाट यी बन्दोबस्त नहुँदा पनि नेपाली जनता अब प्रश्न नउठाई बस्न मिल्छ र ?
- नेपालमा प्रशस्त धान उत्पादन हुने एक जिल्ला बर्दियाका १४.३२ प्रतिशत बालबालिका कुपोषित रहेको सार्वजनिक भयो । देशका अन्य जिल्लाको अवस्था के होला ? बालबालिकामा कुपोषण बढ्नुको कारण वर्गीय समाज नै हो । तल्लो वर्गका जनतासँग उत्पादनका स्रोत र साधन नभएको हुँदा तिनका बालबालिका कुपोषणको सिकार हुनुपरेको हो । यो यथार्थ पैतीस वर्ष सरकारमा गएका पार्टी र तिनका नेताहरूले किन बुझ्न सकेनन् ? रास्वपा सरकारले बुझ्ने अपेक्षा गर्ने अवस्था पनि देखिएन ।

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - ११९

भदौ २३ गतेको घटनामा काठमाडौँका प्र.जि.अ.ले आफ्नो बयानमा भिड हटाउनको लागि मैले घुँडामुनि रबरको गोली चलाउन मौखिक आदेश दिएको छु । तर, अन्तिम बल (गोली चलाउने) प्रयोगको आदेश दिएको थिएन भनी गोली चलाइएकोमा आफ्नो भूमिका नभएको भनी आयोग समक्षको बयानमा भनेका छन् । तर, विभिन्न भनाइ तथा उपलब्ध प्रमाणबाट निजले बयानमा भनेको कुरासँग मेल खाँदैन ।

भदौ २३ गतेको संसद् भवन अगाडि घटेको घटनाले अर्को महत्त्वपूर्ण प्रश्न उब्जाएको छ, के प्र.जि.अ.ले कर्फ्यु लगाउनुपूर्वको अवस्थामा र कर्फ्युको आदेश जारी गरी सकेपश्चात् अन्तिम बल प्रयोग गर्न सुरक्षा निकायले फेरी प्र.जि.अ.को अनुमति लिनुपर्ने अनिवार्यता रहन्छ अथवा कर्फ्यू आदेशभित्र बल प्रयोग गर्ने अधिकार सुरक्षा अधिकारीलाई रहन्छ वा सुरक्षाकर्मीले आवश्यकताअनुसार आफैँ गोली प्रहार गर्न सक्दछ ? स्थानीय प्रशासन ऐन, २०२८ मा कर्फ्यू आदेश जारी भएको अवस्थामा प्र.जि.अ.ले गोली हान्ने आदेशसमेत दिन सक्नेछ भन्ने विषयलाई प्रमुख जिल्ला अधिकारीहरूले आफ्नो अनुकूल व्याख्या गरेको देखिन्छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (१) (क) अनुसार कुनै सभा जुलुस वा भिडले हिंसात्मक वा ध्वंसात्मक भई शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले रोक्न नसके आफैँ गई वा मातहतका अधिकृत पठाई सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, पानीको फोहरा र हवाईफायरसमेत आवश्यकता र परिस्थितिअनुसार जो गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गरिदिने भनी उल्लेख गरेको छ ।

सोही ऐनको दफा ६(१) (ख) मा कुनै जुलुस/भिड हिंसात्मक भई शान्ति सुरक्षा कायम गर्न नसकिने भएमा भिडलाई उक्त स्थानबाट हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग त्यो भिडले बुझ्ने गरी चेतावनी दिनुपर्छ । यदि चेतावनी दिँदा पनि भिड हटेन र गोली चलाउनुपर्ने नै भयो भने घुँडामुनि पारी गोली चलाउनको निमित्त लिखित आदेश प्र.जि.अ.ले दिनुपर्छ भनिएको छ । सो व्यवस्थाले भिडमा गोली चलाउने अवस्था आएमा त्यसका लागि प्र.जि.अ.ले लिखितरूपमा आदेश दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यसका अतिरिक्त जुनसुकै अवस्थामा पनि गोली चलाउनुपूर्व सिलसिलेवार प्रक्रिया अपनाउनुपर्ने बाध्यात्मक व्यवस्था ऐनले गरेको छ ।

फिल्डमा खटिएका प्रहरीले परिस्थितिले माग गरेमा कानुनबमोजिम गोली चलाउन सक्ने अधिकार राख्छन् र त्यसका लागि प्रत्येक अवस्थामा केन्द्रबाट पूर्वस्वीकृति लिनुपर्ने कानुनी बाध्यता छैन । गोली चलाउने निर्णय फिल्डका कमान्डरले तत्काल परिस्थिति मूल्याङ्कन गरेर गोली प्रहार कार्यान्वयन गर्न सक्ने भनी तत्कालीन प्रहरी प्रमुखलगायत केही प्रहरी अधिकृतको बुझाइ रहेको देखियो । प्रहरी अधिकृतहरूको यस प्रकारको बुझाइ स्थानीय प्रशासन ऐन, २०२८ को व्यवस्थाभन्दा पनि फौजदारी संहिताको दफा

बाँकी पृष्ठ ८ मा



**शैक्षिक अवलोकन भ्रमणमा विद्यार्थी**

विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रको शैक्षिक अवलोकन भ्रमणमा आएका ललितपुरको एक विद्यालयका विद्यार्थीहरू।

तस्विर: प्रविन पौडेल/रासस

# नेमकिपा कीर्तिपुर नगरको वडा नं. ८ मा वडा सम्मेलन




काठमाडौँ, १ असोज। नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर वडा नं. ८ को वडा सम्मेलन बुधबार सहिदपथमा सम्पन्न भयो। नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पानसमा दीप प्रज्वलन गरी सम्मेलन उद्घाटन गर्नुभयो।

कार्यक्रममा केन्द्रीय सदस्य महर्जनले नेमकिपाको स्वार्थ नै देश र जनताको सेवा रहेको बताउनुभयो। नेमकिपा सही दर्शन, विचार र सिद्धान्त बोकेको पार्टी भएको उल्लेख गर्दै उहाँले नेमकिपाप्रति कसैले औँला उठाउन नसकेको बताउनुभयो।

उहाँले वडा-वडा र टोल-टोलमा नेमकिपा पुग्न सकेमा देश र जनविरोधी काम गर्नेहरू पराजय हुने बताउनुभयो। उहाँले भन्नुभयो, "पार्टीको ध्येय जनताको प्रजातन्त्र हुँदै समाजवादी व्यवस्था स्थापना गर्नु हो। यसको लागि हुने सङ्घर्षमा नेमकिपा सक्रियपूर्वक लाग्छ र व्यापक जनताबिच कार्यकर्ताहरू लाग्नुपर्छ।"

पूर्वकेन्द्रीय सदस्य एवम् नेमकिपा कीर्तिपुर नगर समितिका कोषाध्यक्ष प्रशान्त महर्जनले कीर्तिपुरमा पार्टी स्थापनाको इतिहास स्मरण गर्दै कीर्तिपुर नगरमा पार्टीको वडा सम्मेलन गर्न पाउनुमा अग्रजहरूको ठूलो देन रहेको बताउनुभयो। उहाँले कार्यकर्ताहरू निडर र त्यागी हुनुपर्ने बताउनुभयो।

वडा नं. २ का सदस्य वाशुमान महर्जनले शुभकामना व्यक्त गर्दै नेमकिपाका समर्थकहरूलाई इमानदारीका साथ जनताको सेवा गर्न आग्रह गर्नुभयो।

कार्यक्रमका सभापति राजिभ महर्जनले वडाको गतिविधि र प्रगतिबारे प्रतिवेदन पेस गर्नुभयो।

वडा नं. ८ का सदस्य मनुषा महर्जनले स्वागत गर्नुभएको थियो भने कान्छोबाबु महर्जनले पनि बोल्नुभएको थियो।

सम्मेलनबाट राजिभ महर्जनको अध्यक्षतामा ७ सदस्यीय नेमकिपा वडा नं. ८ कीर्तिपुर नगर वडा समिति सर्वसम्मतबाट निर्वाचित गरियो।

निर्वाचित पदाधिकारीहरूलाई पूर्वकेन्द्रिय सदस्य प्रशान्त महर्जनले पार्टीको विधानबमोजिम शपथग्रहण गराउनुभएको थियो।

# चालू आवको दुई महिना : सरकारको आम्दानीभन्दा खर्च नौ अर्बले बढी

काठमाडौँ, १ असोज। चालु आर्थिक वर्ष २०८३/८४ को शुरुआती दुई महिनामा सरकारले करिब रु. दुई खर्ब बजेट खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार भदौ मसान्तसम्ममा सरकारको कुल खर्च रु. एक खर्ब ९९ अर्ब ८३ करोड ७२ लाख बराबर छ। जुन वार्षिक लक्ष्यको नौ दशमलव ४१ प्रतिशत हुन आउँछ।

कार्यालयका अनुसार सरकारले चालु शीर्षकमा हालसम्म नौ दशमलव छ प्रतिशत बजेट खर्च गरेको छ। यो शीर्षकमा चालु आर्थिक वर्षका लागि रु. १२ खर्ब ७० अर्ब ५८ करोड ९० लाख बजेट विनियोजन भएकोमा भदौ मसान्तसम्ममा रु. एक खर्ब २२ अर्ब तीन करोड ५४ लाख खर्च भएको हो। त्यस्तै, पुँजीगत शीर्षकमा रु. चार खर्ब ३१ अर्ब १० करोड ६३ लाख बजेट विनियोजन भएकोमा हालसम्म वार्षिक लक्ष्यको एक दशमलव ७८ प्रतिशत अर्थात् रु. सात अर्ब ६६ करोड ४८ लाख मात्रै खर्च भएको कार्यालयको तथ्यांकबाट देखिन्छ। वित्तीय व्यवस्था शीर्षकको हालसम्मको बजेट खर्च १६ दशमलव ५९ प्रतिशत छ। यो शीर्षकमा चालु आर्थिक वर्षका लागि रु. चार खर्ब २२ अर्ब ६४ करोड ९१ लाख विनियोजन भएकोमा भदौ मसान्तसम्ममा रु. ७० अर्ब १३ करोड ७० लाख बराबर खर्च भएको देखिएको हो।

यस अवधिसम्ममा सरकारको खर्चको तुलनामा आम्दानी कम छ। भदौ मसान्तसम्मको कुल राजश्व संकलन वार्षिक लक्ष्यको ११ दशमलव ५८ प्रतिशत अर्थात् रु. एक खर्ब ९० अर्ब १० करोड ७९ लाख छ। पछिल्ला दुई महिनामा मात्रै सरकारको आम्दानी भन्दा खर्च करिब रु. नौ अर्ब ७२ करोडले बढी रहेको छ। कर राजश्वतर्फ चालु आर्थिक वर्षका लागि कुल रु. १४ खर्ब तीन अर्ब ३१ करोड ८३ लाख उठाउने सरकारको लक्ष्य रहेकोमा भदौ मसान्तसम्ममा वार्षिक लक्ष्यको १२ दशमलव २८ प्रतिशत अर्थात् रु. एक खर्ब ७२ अर्ब ४२ करोड ९७ लाख संकलन भएको छ। त्यस्तै, गैरकर राजश्वतर्फ रु. एक खर्ब ७७ अर्ब उठाउने सरकारको लक्ष्य रहेकोमा हालसम्म छ दशमलव नौ प्रतिशत अर्थात् रु. १० अर्ब ७७ करोड ६९ लाख उठेको छ। चालु आर्थिक वर्षका लागि रु. ६१ अर्ब ७४ करोड ५४ लाख प्रत्यक्ष वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकोमा भदौ मसान्तसम्ममा आठ दशमलव ९६ प्रतिशत अर्थात् रु. पाँच अर्ब ५३ करोड बराबर भित्रिएको कार्यालयले जनाएको छ। *(रासस)*

# बिग्रिएका सडकबारे गुनासो गर्न 'सडक सुझाव एप' सञ्चालनमा

काठमाडौँ, १ असोज। काठमाडौँ उपत्यकाभित्र बिग्रिएका सङ्घीय सडकको मर्मतलाई प्रभावकारी बनाउन 'सडक सुझाव एप' सञ्चालनमा ल्याइएको छ।

पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको सडक डिभिजन काठमाडौँले सफल परीक्षणपछि एपलाई औपचारिक रूपमा सञ्चालनमा ल्याएको हो। पूर्वाधार विकासमन्त्री सुनील लम्सालको निजी सचिवालयका अनुसार काठमाडौँ उपत्यकाभित्रका नागरिकले सङ्घीय सडकअन्तर्गतका बिग्रिएका सडकको मर्मतसम्बन्धी गुनासा तथा सुझाव एपमार्फत दर्ता गर्न सकिने जनाएको छ।

एपमार्फत दर्ता गरिएका गुनासाको समाधान प्रक्रिया र अवस्थासमेत नागरिकले प्रत्यक्ष रूपमा हेर्नसक्ने व्यवस्था गरिएको छ।

गुनासा सम्बोधन भएपछि त्यसको जानकारीसमेत एपमार्फत प्राप्त हुने सडक डिभिजन कार्यालय काठमाडौँले जनाएको छ।

हाल 'सडक सुझाव एप'मार्फत काठमाडौँ उपत्यकाभित्र सङ्घीय सडकअन्तर्गत रहेका करिब ४७२ किलोमिटर सडकसम्बन्धी गुनासो तथा सुझाव दर्ता गर्न सकिनेछ। सङ्घीय सडकअन्तर्गत नपर्ने सडकका सम्बन्धमा भने उक्त सडक कुन निकायको जिम्मेवारीमा पर्छ भन्ने जानकारीसमेत नागरिकलाई उपलब्ध गराइने सडक डिभिजन कार्यालय काठमाडौँले जनाएको छ।

सडक मर्मतसम्बन्धी गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै एपलाई देशव्यापी रूपमा विस्तार गर्ने तयारी अघि बढाइएको छ। आगामी दुई हप्ताभित्र ललितपुर र भक्तपुरलाई एपमा समावेश गरी सेवा विस्तार गर्ने र क्रमशः देशभर सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ। *(रासस)*

# चिलिमेमा फेला परेका पाँच कर्मचारीको शव परिवारजनलाई हस्तान्तरण

रसुवा, १ असोज। चिलिमे जलविद्युत् केन्द्रमा फसेका पाँच कर्मचारीको शव सम्बन्धित परिवारजनलाई बिहीबार हस्तान्तरण गरिएको छ।

चिलिमे जलविद्युत् कम्पनीका प्रबन्ध निर्देशक बाबुराजा महर्जनले भोटेकोसी नदीमा बाढी आउँदा केन्द्रमा कार्यरत इन्जिनियर सन्तोष पाण्डे, इलेक्ट्रिक सुपरभाइजर मीनराज मोक्तान, चौकीदारद्वय श्यामबहादुर थापामगर र तिलकबहादुर थापामगर तथा नेपाल विद्युत् प्राधिकरणका कर्मचारी लाक्पा तामाङको शव पहिचान भई परिवारजनलाई हस्तान्तरण गरिएको बताउनुभयो।

सो विद्युत् केन्द्रको सुरुङको बाहिरी भागदेखि करिब १५० मिटरभित्र रहेको 'कन्ट्रोल रुम' क्षेत्रमा बुधबार अपराह्न उहाँहरूको शव फेला परेको थियो। प्रबन्ध निर्देशक महर्जनका अनुसार केन्द्रभित्र फेला परेका शव नेपाली सेनाका हेलिकप्टरमार्फत नुवाकोट लगेर हस्तान्तरण गरिएको हो। उद्धारका लागि नेपाली सेनाका बाहिनीपतिको कमाण्डमा भारतीय सेना, सशस्त्र प्रहरी बल र प्राधिकरणका कर्मचारी खटेको थियो।

# सहकारीको ऋणको अधिकतम ब्याजदर १३ प्रतिशत मात्र कायम

काठमाडौँ, १ असोज। सहकारी संस्थाले सदस्यलाई प्रवाह गर्ने ऋणको अधिकतम ब्याजदर १३ प्रतिशत कायम गरिएको छ।

सहकारी रजिष्ट्रारको कार्यालयले सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिको सिफारिसमा सन्दर्भ ब्याजदर पुनरावलोकन गर्दै आजैदेखि लागू हुने गरी ऋणको अधिकतम ब्याजदर १३ प्रतिशत निर्धारण गरेको हो।

यसअघि सहकारी संस्थाका लागि ऋणको अधिकतम ब्याजदर १६ प्रतिशत तोकिएको थियो। नयाँ व्यवस्थाअनुसार अब सहकारी संस्थाले १३ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन्। सहकारी रजिष्ट्रारको कार्यालयका अनुसार संस्थाले आफ्नो कारोबारको अवस्था, आवश्यकता र औचित्यको विश्लेषण गरी १३ प्रतिशतभन्दा कम ब्याजदरसमेत निर्धारण गर्न सक्नेछन्।

त्यस्तै, बचतमा दिने र ऋणमा लिने ब्याजदरबिचको अन्तर भने छ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था गरिएको छ। कार्यालयले सहकारी संस्थाले सदस्यलाई प्रदान गरेको ऋणमा लागेको ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी त्यसमा पुनःब्याज लगाउन नपाउने कानुनी व्यवस्थाको पूर्ण पालना गर्नसमेत निर्देशन दिएको छ। यस्तै, संस्थाले हर्जाना रकम लिने निर्णय गरेको अवस्थामा असुल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशतभन्दा बढी हर्जाना लिन नपाउने व्यवस्था गरिएको छ। ऋणसँग सम्बन्धित सम्पूर्ण लागत ब्याजदरमै समावेश हुने भएकाले सहकारी संस्थाले प्रशासनिक शुल्क, सेवा शुल्क, नवीकरण शुल्क, फाराम दस्तुर वा यस्तै अन्य कुनै शीर्षकमा थप रकम लिन नपाउने कार्यालयले स्पष्ट गरेको छ।

नयाँ निर्देशनअनुसार सहकारी संस्थाले निर्धारण गरेको ब्याजदर सबै सदस्यले जानकारी पाउने गरी आफ्नो वेबसाइट वा अन्य माध्यमबाट अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ।

एकै प्रकृतिको बचत वा ऋणमा ब्याजदर कायम गर्दा सदस्य, सञ्चालक समिति तथा पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्य, विभिन्न उपसमितिका संयोजक तथा सदस्य, व्यवस्थापक र कर्मचारीबिच कुनै विभेद गर्न नपाइने व्यवस्था पनि गरिएको छ।

यस्तै, सहकारी संस्थाले ऋण प्रवाह गर्दा सम्बन्धित ऋणी सदस्यको व्यक्तिगत खातामा रकम जम्मा गर्नुपर्नेछ। सदस्यले व्यक्तिगत रूपमा लिएको ऋण दायित्वसँग जोडेर बढी हुने गरी संस्थाको दायित्वसँग जोडेर ऋणी सदस्यमाथि थप ऋणभार सिर्जना गर्न नपाइने निर्देशनमा उल्लेख छ। *(रासस)*

# चाँगुनारायण मन्दिर जाने सडकमा पहिरोको जोखिम : ठूलो बस चलाउन समस्या

**- प्रतिक्षा तामाङ, प्रशिक्षार्थी**

भक्तपुर, १ असोज। चाँगुनारायण - ४ अवस्थित चाँगुनारायण मन्दिर जाने सडकमा पहिरोको जोखिम बढेको छ। भक्तपुरबाट चाँगुनारायण जाने क्रममा सडकको केही भाग कमजोर देखिएको छ। सडकको छेउतिर माटो खस्न थालेकोले पहिरो जाने सम्भावना देखिएको छ।

सडकको अवस्था कमजोर भएपछि ठूला बस तथा अन्य सवारीसाधनलाई आवतजावत गर्न समस्या भएको छ। साँघुरो सडक र छेउमा माटो खस्न थालेका कारण चालकले पनि सावधानी अपनाएर सवारी चलाउनुपर्ने अवस्था छ।

मन्दिर घुम्न जाने मानिसको सङ्ख्या बढ्ने समयमा सडकमा यस्तो समस्या देखिँदा यात्रुलाई पनि समस्या हुने गरेको छ। साना सवारीसाधन भने सावधानी अपनाएर चलाइरहेका छन्। तर, ठूला बसलाई बाटो काट्न र घुम्न गाह्रो हुने अवस्था देखिन्छ।

स्थानीयका अनुसार सडकको कमजोर भाग समयमै मर्मत नगरेमा वर्षाको समयमा समस्या अझ बढ्न सक्छ। पहिरो गएमा सडक बन्द हुने र दैनिक आवतजावतमा समेत असर पर्न सक्ने स्थानीयको भनाइ छ।

एक स्थानीयले भने, "सडकको यो अवस्था तत्कालै सुधार गर्न सके राम्रो हुन्थ्यो। धेरै माटो खस्यो भने बाटो नै बन्द हुनसक्छ।"

त्यस्तै, एक सवारी चालकले सडक साँघुरो र जोखिमपूर्ण भएकोले ठूला बस चलाउन समस्या भएको बताए। उनले सडकको कमजोर भागमा छिट्टै ध्यान दिनुपर्ने बताए।

स्थानीयले सडकको अवस्था हेरेर आवश्यक ठाउँमा माटो हटाउने, सडकको छेउ बलियो बनाउने र पहिरो रोक्ने काम गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

चाँगुनारायण मन्दिर जाने मुख्य बाटो भएकाले र भक्तपुर चाँगु-साँखु यातायात सेवा दिने उक्त सडक सुरक्षित र सहज बनाउन समयमै ध्यान दिन आवश्यक देखिन्छ।

# यातायात महासङ्घअन्तर्गतका १९१ सवारीसाधनमा क्षति, ३४४ व्यक्ति बेपत्ता

काठमाडौँ, १ असोज । गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको बाढीमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घअन्तर्गत १९१ सवारीसाधनमा क्षति पुगेको छ । महासङ्घका महासचिव डेकनाथ गौतमका अनुसार भोटेकोसी बाढीले देशभरका नौ कम्पनीका १९१ सवारीसाधनमा क्षति पुग्दा उक्त सवारीसाधनका चालक, सहचालक र यात्रु गरी ३४४ व्यक्ति बेपत्ता भएका छन् ।

महासङ्घका अनुसार भोटेकोसी बाढीबाट नेपाल अरनिको यातायात सेवा प्रालिअन्तर्गत १९ बस, एक मिनिट्रक, दुई जीप, चार कन्टेनरमा क्षति पुग्दा ५० मजदुर बेपत्ता भएका छन् ।

यस्तै, नमस्ते पासाङ ल्हामु यातायात प्रालि बालाजुका १९ बस क्षति हुँदा २१ व्यक्ति बेपत्ता भएका छन् । भक्तपुर न्यू भिजन यातायात प्रालिका दुई कन्टेनरमा क्षति पुग्दा दुई चालक बेपत्ता भएका छन् ।

यसैगरी, हिमालयन यातायात कम्पनीका चार ट्रक, १६ कन्टेनर, एक सुमोमा क्षति पुग्दा १० चालक बेपत्ता भएका छन् । नेपाल टिपर तथा ट्रक व्यवसायी समितिअन्तर्गत सात टिपर, २२ कन्टेनर, २३ ट्रक र एक ट्रेलरमा क्षति हुँदा ४५ चालक बेपत्ता भएका छन् । नारायणी यातायात व्यवसायी कम्पनी प्रालिको ५९ ट्रक र कन्टेनरमा क्षति पुग्दा ७० जना बेपत्ता भएका छन् भने नेपाल माइक्रो कम्पनीका नौ माइक्रोबसमा क्षति पुगेको छ । यसैगरी, पृथ्वी राजमार्ग सञ्चालक कम्पनीको एक बसमा क्षति पुग्दा एक चालक र २२ यात्री बेपत्ता भएका छन् । यस्तै, धादिङ मण्डली यातायात प्रालिको एक बसमा क्षति पुग्दा एक चालक र २५ तीर्थयात्री बेपत्ता भएको महासङ्घका महासचिव गौतमले बताउनुभयो । *(रासस)*


## हार्दिक समवेदना



यस विद्यालयका शिक्षिका शेखा न्याकुसीकी पूजनीय ससुराबुबा **कृष्णबहादुर राजथला**को असामयिक निधन भएको आज बाह्रौँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

जन्म : २०१५/०१/०५
निधन: २०८३/०५/२२

**विद्यालय व्यवस्थापन समिति तथा**
**श्री समाजसेवा इन्स्टिच्युट आधारभूत विद्यालय परिवार**



## श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा-८, जैंला, भक्तपुर, फोन नं.: ०१-६६१०७२६

### १९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको १९ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशन देहायबमोजिम हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : **२०८३ असोज १७ गते, शनिबार**
**समय** : **बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म**
**स्थान** : **ओल्ड दरबार पार्टी प्यालेस, लिबाली–८, भक्तपुर**

**छलफलका विषयहरू** :

१) आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफलसहित पारित गर्ने ।
२) आ.व. २०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन पारित गर्ने ।
३) आ.व. २०८३/०८४ को अनुमानित आयव्यय तथा वार्षिक बजेट पारित गर्ने ।
४) आ.व. २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारित गर्ने ।
५) सञ्चालक समितिको तर्फबाट पेस गरिएका प्रस्तावमाथि छलफल गरी पारित गर्ने ।
६) साधारणसभा माइन्युट प्रमाणित गर्न प्रतिनिधिहरू चयन गर्ने ।
७) संरक्षित पुँजी फिर्ता कोष कार्यविधि पारित गर्ने ।
८) विविध

**पुनश्च** :

१) साधारणसभा उपस्थित सदस्यहरूलाई उपस्थित तथा खाजा खर्च रू. ५००।- (करसहित ५८८.२४) र बाल सदस्यहरूलाई रू.४००।- (करसहित ४७०.५९) वितरण गरिनेछ ।
२) साधारणसभाको मितिसम्म भाखा नाघेका ऋणी, ६ महिना वा सोभन्दा बढी समयसम्म नियमित बचत नगरेका सदस्य तथा ब्याज नतिरेका ऋणीहरूलाई साधारणसभाको सुविधाबाट वञ्चित गरिनेछ । तसर्थ, ऋणको किस्ता, सावाँ, ब्याज र हर्जनालगायतका शुल्क र नियमित बचत २०८३/६/१४ गतेभित्र संस्थामा जम्मा गर्नुहुन सम्पूर्ण सदस्यहरूमा अनुरोध गर्दछ ।
३) संस्थाको पासबुक वा परिचयपत्र अनिवार्य रूपमा लिई स्वयम् उपस्थित हुनुपर्नेछ ।
४) संस्थाको बाह्य कारोबार असोज १५ र १६ गते बन्द रहनेछ ।

साथै यस संस्थाको साधारणसभाको दिन हुने सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचन कार्यक्रम तालिका निर्वाचन निर्देशिका २०६९ को अनुसूची १ अनुसार तपसिलबमोजिम हुने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको छ ।

**निर्वाचन कार्य तालिका**

| सि. नं. | विवरण | मिति | समय | कै |
|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८३/०६/०५ | - | |
| २ | मतदाता नामावली माथि दाबी विरोध तथा संसोधन | २०८३/०६/०६ | | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८३/०६/०७ | | |
| ४ | उम्मेदवारी मनोनयन फाराम वितरण | २०८३/०६/०८ | बिहान ८:०० देखि २:०० बजेसम्म | |
| ५ | उम्मेदवारी मनोनयन दर्ता | २०८३/०६/०९ | बिहान ८:०० देखि २:०० बजेसम्म | |
| ६ | उम्मेदवारी नामावली प्रकाशन | २०८३/०६/११ | | |
| ७ | उम्मेदवार माथि दाबी विरोध तथा नाम फिर्ता | २०८३/०६/१२ | बिहान ८:०० देखि २:०० बजेसम्म | |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/०६/१३ | दिउँसो १:०० बजेपछि | |
| ९ | उम्मेदवारको नाम फिर्ता तथा प्रचारप्रसार | २०८३/०६/१६ | | |
| १० | मतदान कार्यक्रम, मतगणना, निर्वाचन परिणाम घोषणा र सपथ ग्रहण तथा प्रमाणपत्र वितरण | २०८३/०६/१७ | | |




**विज्ञान प्रदर्शनीको अवलोकन गर्दै विद्यार्थी**

१४ औँ राष्ट्रिय विज्ञान दिवसको अवसरमा विज्ञान शिक्षक समाज नेपाल, कास्कीद्वारा बिहीबार पोखरा प्रदर्शनी केन्द्रमा आयोजित विज्ञान प्रदर्शनीको अवलोकन गर्दै विद्यार्थीहरू । *तस्बिर : राम थापा/रासस*

# नेपालगञ्जमा जलेर नष्ट भएका ३१ हजार लालपुर्जाको स्रेस्ता कायम

राँझा (बाँके), १ असोज । भूमि प्रशासन कार्यालय नेपालगन्ज बाँकेले 'जेनजी' प्रदर्शनका क्रममा जलेर नष्ट भएका ३१ हजार बढी जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा)को स्रेस्ता कायम गरेको छ ।

विसं २०८२ भदौ २४ गते नेपालगन्जस्थित भूमि प्रशासन कार्यालयमा गरिएको आगजनीबाट कार्यालय भवन र कागजपत्र जलेर नष्ट भएपछि असोज र कार्तिक दुई महिना सेवा बन्द भई मङ्सिर १ गतेदेखि भाडाको कार्यालयबाट सेवा सञ्चालन भएको थियो ।

गत मङ्सिरदेखि २०८३ असार मसान्तसम्म ३१ हजार १८९ जग्गाको जग्गाधनी प्रमाणपुर्जाको स्रेस्ता कायम गरिएको भूमि प्रशासन कार्यालय नेपालगन्ज बाँकेका कार्यालय प्रमुख सन्तोष विकले जानकारी दिनुभयो ।

"जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट जलेर नष्ट भएका स्रेस्ता कायम गर्ने काम धमाधम भइरहेको छ, हाम्रोतर्फबाट सकेसम्म सहज रूपमा सेवा प्रवाह गरिरहेका छौँ", कार्यालय प्रमुख विकले भन्नुभयो, "एकैपटक धेरै सेवाग्राही आउँदा भीडभाड भए पनि सेवा प्रवाहमा कुनै समस्या नहुनेगरी काम गरिरहेका छौँ ।"

विसं २०७४ पछिका स्रेस्ता 'डिजिटलाइज्ट' भएकाले स्रेस्ता कायममा समस्या नभए पनि त्योभन्दा अगाडिका जग्गाधनी प्रमाणपुर्जाको रोक्का यकीन नहुँदा स्रेस्ता कायम गर्दा पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेलगायत प्रक्रियागत कार्यले लामो समय लाग्ने गरेको उहाँको भनाइ छ ।

"मालपोत कार्यालयमा सेवा लिन जाँदा ढिला सुस्ती हुन्छ भन्ने जनमानसमा भ्रम रहेको छ, वास्तविकता त्यस्तो होइन सेवा लिँदा ध्यान नपुगेर हो", उहाँले भन्नुभयो, "दैनिक काम गर्ने लेखापढी व्यवसायीलाई सेवाको प्रक्रिया थाहा हुन्छ, तर सेवाग्राही प्रक्रिया थाहा नपाएर अलमलमा पर्ने गरेका कारण ढिलाइ हुने गरेको हो ।"

सेवाग्राहीलाई आवश्यक सहयोगका लागि सेवाग्राही सहायता कक्ष स्थापना गरेर आवश्यक सहयोग र समन्वयको कार्य सुरु गरिएको कार्यालय प्रमुख विकले जानकारी दिनुभयो । लेखापढी व्यवसायीमार्फत सेवा लिँदा आर्थिक रूपमा बोझ हुनेहुँदा नागरिक सहायता कक्षमार्फत सेवा लिनसमेत उहाँले सेवाग्राहीलाई आग्रह गर्नुभयो । उहाँले विभागको अनलाइन प्रणालीमा समस्या भएबाहेक अन्य समय सेवाग्राहीको काममा कुनै ढिलासुस्ती नहुनेगरी सेवा प्रवाह गर्न आफूहरू लागिपरेको दाबी गर्नुभयो । गत वर्ष भदौ २४ मा भवनमा आगजनी भएपछि भूमि प्रशासन कार्यालय नेपालगन्ज बाँकेले हाल विद्युत्रोडमा भाडाको भवनबाट कार्यालय सञ्चालन गर्दै आएको छ । *(रासस)*

# जापानिज इन्सेफलाइटिसविरुद्ध खोप अभियान

कैलाली, १ असोज । कैलालीका दुई स्थानीय तहमा जापानिज इन्सेफलाइटिस (जेई) विरुद्धको खोप अभियान बिहीबारदेखि सुरु भएको छ ।

जिल्लामा जापानिज इन्सेफलाइटिसका बिरामी फेला परेपछि घोडाघोडी नगरपालिका र लम्कीचुहा नगरपालिकामा खोप अभियान सञ्चालन गरिएको स्वास्थ्य कार्यालय कैलालीका सूचना अधिकारी मिनबहादुर धामीले जानकारी दिनुभयो । उहाँका अनुसार धनगढी उपमहानगरपालिकामा असोज ८ गतेदेखि खोप अभियान सञ्चालन गरिनेछ ।

कैलालीमा यस वर्ष जापानिज इन्सेफलाइटिसका आठ जना बिरामी फेला परेका छन् । तीमध्ये लम्कीचुहा नगरपालिकाका दुई, धनगढी उपमहानगरपालिकाका तीन र घोडाघोडी नगरपालिकाका तीन जना रहेका छन् ।

घोडाघोडीका तीन सङ्क्रमितमध्ये दुई जनाको उपचारका क्रममा मृत्यु भइसकेको छ । जिल्लाका १३ स्थानीय तहमध्ये जेईका बिरामी फेला परेका घोडाघोडी, लम्कीचुहा र धनगढीमा खोप अभियान सञ्चालन गर्न लागिएको सूचना अधिकारी धामीले बताउनुभयो ।

घोडाघोडी र लम्कीचुहामा आजदेखि अभियान सुरु भएको र धनगढीमा असोज ८ गतेदेखि सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो । अन्य स्थानीय तहमा पनि चालु आर्थिक वर्षभित्र जापानिज इन्सेफलाइटिस विरुद्धको खोप अभियान सञ्चालन गरिने उहाँले बताउनुभयो ।

घोडाघोडी नगरपालिकाका सिनियर अहेब मानबहादुर बोहोराका अनुसार नगरपालिकाका १३ वटै स्वास्थ्य संस्थामार्फत १२ वटै वडाका समुदायमा खोप सेवा सञ्चालन गरिनेछ । अभियानअन्तर्गत ३० वर्ष उमेर समूहसम्मका व्यक्तिलाई जापानीज इन्सेफलाइटिस विरुद्धको खोप लगाइने उहाँले जानकारी दिनुभयो ।

नगरपालिकामा सुरु भएको खोप अभियान असोज ७ गतेसम्म सञ्चालन हुनेछ । *(रासस)*

# मुद्दाको चापपछि काभ्रे अदालतमा चार इजलासबाट सुनुवाइ हुँदै

काभ्रेपलाञ्चोक, १ असोज । काभ्रेपलाञ्चोक जिल्ला अदालतमा अब चार वटा इजलासबाट मुद्दाको सुनुवाइ हुने भएको छ । उक्त अदालतमा हाल तीन वटा इजलास रहेकामा जिल्लामा मुद्दाको चापलाई आधार मान्दै नयाँ थप एक इजलास कक्षको निर्माण भइरहेको श्रेस्तेदार उपसचिव सञ्जित गौतमले जानकारी दिनुभयो । हरेक वर्ष करिब तीन हजार ७०० थान मुद्दा हेर्नुपर्ने अवस्था रहेकाले कामको चाप कम गर्न, समयमा नै मुद्दा फछ्र्याेट गरी न्यायको अनुभूति गराउन तथा भौगोलिक विकटतालगायत कारण जिल्लामा न्यायाधीश अपुग भएपछि सर्वोच्च अदालतले इजलास थप्न अनुमति दिएको थियो ।

श्रेस्तेदार गौतमका अनुसार यही सातादेखि नयाँ इजलास सञ्चालनमा आउनेछ । थप इजलासका लागि आवश्यक जनशक्ति तयार गरिएको जनाइएको छ ।

सर्वोच्च अदालत प्रशासनले उक्त इजलासमा काठमाडौँ जिल्ला अदालतमा कार्यरत न्यायाधीश दीपक घिमिरेलाई सरुवा गरेको छ । जिल्ला अदालतमा चालु आवका लागि अघिल्लो आवबाट जिम्मेवारी सरेका एक हजार ५८६ थान मुद्दा कायम छन् । इजलास र न्यायाधीशको सङ्ख्या थप भएसँगै जिल्ला अदालतबाट हुने कार्यसम्पादन छिटो र छरितो हुने विश्वास गरिएको छ । *(रासस)*

। सम्पादकीय ।

# सरकार संवेदनहीन भए संसद्मा प्रतिपक्ष के गर्दै छ त ?

गत वर्ष भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनमा घुसपैठ भएको भनी देशभरि तोडफोड, लुटपाट र आगजनी गरियो। प्रदर्शनमा को कसरी घुसपैठ भएको आयोजक र सरकार दुवैले स्पष्ट गर्नु जरुरी हुन्छ। भदौ २४ गते देशभरिझैँ आगजनी गरिएको बेला संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायतका भवन पनि जलाइयो। देशभरि ५०० प्रहरी चौकी तोडफोड र १० हजार बन्दुक तथा ९० हजार गोली लुटपाट गरियो। यतिबेला सर्वोच्च अदालत सञ्चालन भइरहेको नयाँ भवन पनि गत महिनाको भदौ १७ गते र भदौ ३० गते पनि आगजनी भएको सार्वजनिक भयो। यसको छानबिन प्रतिवेदन बाहिरिएको छैन। के नेपालमा देश आगजनी गर्ने र गराउनेहरूमाथि कारबाही नहुने भयो ? यो प्रश्न जोडका साथ उठिरहेको छ।

गत भदौ १० गते रसुवाको भोटेकोसीमा हिमपहिरो आएयता भदौ ३१ गतेसम्म १४०३ शव भेटिएको, बेपत्ता हुनेको सङ्ख्या ६१५० पुगेको सार्वजनिक भयो। रास्वपा सरकारले खोजी र उद्धारको लागि एक हप्तासम्म विदेशी मित्रहरूको सहयोग नखोजेको र एक हप्तापछि भदौ १६ गते रास्वपा सरकारले हिमपहिरोमा पुरिएका र बगाइएकाको सोध खोज गर्ने जनशक्ति र प्रविधि संसारमा कतै नभएको लगायत आधारहीन तर्क राखी जिम्मेवारीबाट पन्छिनेतर्फ लाग्यो।

यसपछि रास्वपाले भदौ ११, १६ र ३१ गतेसमेत गरी सङ्घीय संसद्मा भएका दलहरूको बैठक तीन पटक बोलायो। ती नै बैठकमा नेका, एमाले, तत्कालीन माओवादी (हाल नेकपा), श्रम संस्कृति पार्टी, राप्रपालगायतका प्रतिनिधिहरू पुगे। ती नै बैठकमा प्रतिपक्षी दलका प्रतिनिधिहरूले रास्वपा सरकारले संसद्लाई बेवास्ता गरेको, संसद् र संसदीय समितिको बैठकलाई मर्यादा नराखेको, हिमबाढी पीडित जनताको लागि खोज, उद्धार, राहत र पुन:स्थापनामा संवेदनशील नभएको गुनासो गरे। रास्वपा सरकार भने संसद् र सर्वदलीय बैठकको निर्णयअनुसार काम गर्न चाहेन।

यो अवस्थामा विपक्षीहरू रास्वपा सरकारको मुख ताक्नुभन्दा पनि आफ्नो पार्टी सङ्गठनमार्फत खोज, उद्धार, राहत र पुन:स्थापनामा लाग्नुपर्ने तर लाग्न सकेनन्। हुन त अहिले प्रतिपक्षमा रहेका शासक दलहरू हिजो सरकारमा हुँदा पनि यतिकै संवेदनहीन भएका धेरै उदाहरण नभएको होइन।

रास्वपाले यसपटक प्रतिनिधिसभा नियमावली निर्माण गर्दा भ्रष्टाचार, हत्या र अन्य देशद्रोहलगायत फौजदारी अभियोग लागेका सांसदहरूसमेतको पद निलम्बन नहुने व्यवस्था गरियो। यो प्रावधान रास्वपा सांसदहरूको पद जोगाउन नै राखिएको पनि सार्वजनिक भयो। तर, प्रतिपक्ष भनिएकाहरूको प्रभावकारी विरोध भएन।

रास्वपाले प्रतिनिधिसभा नियमावलीमा संविधान संशोधनको प्रस्ताव प्रतिनिधिसभा र राष्ट्रियसभाको अलग-अलग बैठकमा दुईतिहाइ मत भए पुग्ने व्यवस्था गरियो। यो संविधानको प्रावधानविपरीत हो। गत जेठ १७ गते पारित यो नियमावलीमा गरिएको यो बन्दोबस्तलाई सर्वोच्च अदालतले भदौ ३१ गते तत्काललाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गर्‍यो। अब यो नियमावलीबारे सर्वोच्चमा अन्तिम सुनुवाइ हुनेछ।

आज यी सङ्कट आउनुमा पैतीस वर्षयता पालैपालो सरकारमा पुगेका नेका, एमाले, तत्कालीन माओवादी हालको नेकपा पनि दोषी हुन्। नेपाली जनताले हिजोको सरकार र आजका सरकार दुवैबाट भएका देशघाती र जनघाती कामको विरोधमा औँला उठाउन छाड्नु हुँदैन। प्रतिपक्षी दलहरूले हिजोजस्तै सत्ता पक्षसँग भागबन्डा खोज्ने र देश र जनताविरोधी काम गर्ने अवस्था नहोला भनी ढुक्क बस्ने स्थिति छैन। सत्तापक्षले बोलाएको सर्वदलीय बैठकमा सहभागी भई प्रतिपक्षी साखुल्ले बन्न मिल्दैन। सत्तापक्षको जनविरोधी कामको विकल्प बनेर प्रतिपक्षी जनताको बिचमा पुग्नु जरुरी हुन्छ। अर्थात्, प्रतिपक्षी सिंहदरबार र प्रदेश राजधानीमा रमाएर बस्न मिल्दैन।

# रसुवाको विनाशकारी बाढी २०८३ र जलवायु परिवर्तन

✍ सुनिल दुवाल

हिमाली क्षेत्रमा तीव्रगतिमा भइरहेको विश्वव्यापी तापक्रम वृद्धि (Global warming) का कारण हिमनदीहरू घटेको (Glacial retreat) र जमेको जमिनको ह्रास (Permafrost degradation) तीव्र बनेको छ। हिमाली क्षेत्रमा हिमनदी ताल विस्फोट भई आउने बाढी (GLOF) लाई मात्र मुख्य जोखिम मानिने गरेकोमा हालका वर्षहरूमा ठाडो भिरहरूबाट विशाल हिम-चट्टान खसेर (Ice–rock avalanche) आउने गेग्रान तथा लेदो बाढीहरू मुख्य चुनौतीका रूपमा उदाएका छन्। हाम्रा हिमाली क्षेत्रमा तापक्रम बढ्दै जाँदा हिउँ पग्लिने र हिउँका थुप्राहरू कमजोर हुने क्रम तीव्र बनेको छ। पहिले-पहिले हिम ताल फुटेर बाढी (GLOF) आउने जोखिमलाई मात्र ठुलो मानिन्थ्यो। तर, पछिल्ला वर्षहरूमा अग्ला र ठाडा हिउँका भिरहरूबाट सिधै ठुला-ठुला हिम-चट्टानहरू खसेर नदीमा मिसिदा भयानक लेदो बाढी आउने नयाँ खतरा बढेको छ। यसअघि सन् २०२१ मा भारतको उत्तराखण्ड (चमोली), मेलम्चीको बाढी र सन् २०२४ को थामे बाढीजस्ता घटनाहरू यसैका उदाहरण हुन्। २०८३ भदौ १० (सन् २०२६ अगस्ट २६) मा रसुवाको केरूङ सीमा क्षेत्रमा आएको बाढी यही शृङ्खलाको सबैभन्दा ठुलो र विनाशकारी रूप थियो।

## २. रसुवा बाढी कसरी घट्यो ?

उपलब्ध प्रमाणले मुख्य सुरुआत चट्टान-बरफ मिश्रित पहिरो (rock–ice avalanche) बाट भएको देखाउँछ। प्रवाहमा बरफ, चट्टान, गेग्रान र पानी सबै मिसिएका थिए। त्यसैले यसलाई सामान्य बाढी वा केवल हिमताल फुटेको बाढी (glacial lake outburst flood वा GLOF) भनेर बुझ्दा घटनाको पूरा प्रक्रिया छुट्छ।

सुरुमा यसलाई भूकम्प, हिमताल फुटेको बाढी वा सामान्य मनसुनी बाढी भनेर फरक-फरक अनुमान गरिएको थियो। अहिले उपलब्ध भूउपग्रह तस्बिर (satellite images) र भूकम्प मापनले घटना लाङटाङ लिरुङको उत्तरी भिरबाट बरफ र चट्टानको ठुलो भाग खसेपछि सुरु भएको देखाउँछ। वैज्ञानिक भाषामा यसलाई चट्टान बरफ मिश्रित पहिरो (rock–ice avalanche) भनिन्छ।

यो केवल माथिल्लो हिमाली क्षेत्रमा भएको स्थानीय पहिरो थिएन। घटनाको स्रोत नेपाल-चीन सिमानामा रहेको नेपालतर्फको उच्च हिमाली भागमा थियो तर त्यसबाट बनेको प्रवाह नेपाल- चीनको सिमाना नदी ल्हेन्दे खोला र भोटेकोसीको मार्ग पछ्याउँदै नेपालतर्फ आयो। यो विपद्ले दुवै देशमा क्षति पुर्‍याएको छ। त्यसैले यो अन्तर्देशीय विपद् (transboundary disaster) हो। यो विपत्ति कसरी भयो भनेर वैज्ञानिकहरूले गरेका अनुसन्धानका आधारमा केही तथ्य सहित कारण दिएका छन्।

### अ) वर्षौंदेखि बढ्दै गएको तापक्रम

लाङटाङ लिरुङ हिमाल (७.२२७ मिटर) को उत्तरी भित्तामा रहेको हिउँको भाग सन् २०२४ देखि २०२६ सम्ममा प्रतिवर्ष ६० मिटरका दरले तलतिर सरिरहेको थियो। त्यसैगरी ERAS–Land मौसमसम्बन्धी तथ्याङ्कअनुसार सन् २०२६ को वसन्त र ग्रीष्म ऋतुमा लाङटाङ क्षेत्रको तापक्रम दीर्घकालीन औसतभन्दा उच्च थियो। जुलाई-अगस्ट अवधिमा औसत तापक्रम +०.५९ डिग्री सेल्सियसले बढी थियो भने सामान्यतया औसत तापक्रम ०.३८ डिग्री सेल्सियसदेखि +०.५८ डिग्री सेल्सियससम्म माथि पुगेको थियो। बढ्दो तापमानका कारण पहाडका भित्तामा हिउँ र चट्टानलाई जोडेर राख्ने स्थायी जमेको जमिन (Permafrost) पग्लियो। पग्लेको पानी हिउँ र पहराका दरारहरूभित्र छिरेपछि हिउँको विशाल थुप्रा पहराबाट छुट्टिन पुग्यो। विपद् घटेको मुख्य दिनभन्दा अघिल्लो ७२ घण्टामा स्रोत क्षेत्रमा जम्मा ८.३ मिमि र केरूङ नाकामा १५.३ मिमि मात्र वर्षा भएको थियो। यसले यो विपद् अल्पकालीन भारी वर्षाका कारण नभई वर्षौंदेखि सञ्चित तापक्रम वृद्धिका कारण जमेको जमिन (Permafrost) र हिमनदीको संरचनात्मक बिन्दु (Critical tipping point) भत्किएर घटेको पुष्टि गर्दछ।

### आ) बाढी आउनुअघिका साना सङ्केतहरू

काठमाडौँ नजिकै रहेको ककनीको भूकम्प मापन केन्द्रमा बाढी आउनुअघि नै विभिन्न सङ्केतहरू रेकर्ड भएका थिए:
बिहान ६:०४ बजे: पहिलो सानो भूकम्पीय तरङ, जुन सानो हिम-पहिरो खसेको सङ्केत थियो।

बिहान ६:५० बजे: दोस्रो सानो तरङ, जसले पहरामा फुटने क्रम जारी रहेको देखायो।

बिहान ८:१५ देखि ८:१९ बजेसम्म: भूकम्पीय कम्पन एकाएक बढ्यो र आकाशमा हिउँको ठुलो धुलो उड्यो।

### इ) हिम-पहिरो खस्नु र लेदो बाढीमा बदलिनु

बिहान ८:३७ बजे लाङटाङ लिरुङको ५,२०० मिटर उचाइमा रहेको करिब ०.७२ वर्ग किलोमिटर (करिब १०० वटा फूटबल मैदान जति) क्षेत्रफलको विशाल हिउँ र चट्टानको थुप्रा एकैपटक भित्ताबाट छुट्टिएर खस्यो। यसको धक्का ५ म्याग्निच्युडको भूकम्प सरह थियो। भू-उपग्रहकले खिचेको तस्वीरको आधारमा नक्साङ्कनको आधारमा यसरी खसेर हिमालमा चिरा परेको भू-भाग लगभग १.९६ वर्ग किलोमिटर रहेको छ, जुन भक्तपुर नगरपालिकाको क्षेत्रफलको करिब २८ प्रतिशत हुन आउँछ।

यो विशाल थुप्रो ३,४०० मिटर तल नदीको साँघुरो खोंचमा खस्दा १८० देखि १९० किलोमिटर प्रतिघण्टाको तीव्रगतिमा अघि बढ्यो। यसले बाटोमा रहेका पुराना माटो, ढुङ्गा र गेग्रानलाई सोहोर्दै लग्यो। घर्षणको तापले हिउँ पग्लेर नदीको पानीसँग मिसिएपछि यो बाक्लो र तीव्रगतिको लेदो बाढी बन्यो। पहिरो ल्हेन्दे खोलाको साँघुरो उपत्यकामा प्रवेश गर्‍यो।



चित्र १: काठमाडौँबाट देखिने लाङटाङ हिमाल (प्रलयकारी बाढी सुरु यो हिमालको उत्तरी भागवाट भएको हो।

तल झर्दै गर्दा त्यसले खोलाको पिँध र किनारबाट माटो, बालुवा, ढुङ्गा र पुरानो हिमनदीले थुपारेको माटो, ढुङ्गालगायतका सबै सोहोर्दै लग्यो। बग्ने क्रममा बाटोमा थप पदार्थ बटुल्ने यो प्रक्रियालाई प्रगतिशील मिसावट (progressive entrainment) भनिन्छ। हिउँको सानो डल्ला गुड्दै जाँदा ठुलो भएजस्तै, यो प्रवाह पनि बाटोभरि नयाँ पदार्थ मिसिँदै झन् ठुलो र भारी बन्यो। यसरी सुरुमा खसेको हिउँ-चट्टानभन्दा बाढी बग्दै जाँदा यसको आकार र मात्रा कैयौँ गुणा बढेर १४.२ करोड घनमिटर भन्दा बढी पुग्यो।

### ई) सीमा क्षेत्रमा बज्रिनु र नदी उल्टो बग्नु

भूकम्प सरह हिँउ खसेको जम्मा ६ देखि ७ मिनेटभित्रै यो बाढी २२ किलोमिटर तल रहेको नेपाल-चीन सीमाको केरूङ नाका (१,८०० मिटर उचाइको क्षेत्र) मा बज्रियो। बाढीको गति र घनत्व यति धेरै थियो कि सङ्गमस्थलमा पुगेपछि बाढीको ठुलो भाग करीब २-३ किलोमिटरसम्म नदीको माथिल्लो भेगतिर उल्टो बग्यो। त्यसपछि यो बाढी भोटेकोसी, त्रिशुली र नारायणी नदी हुँदै १७० किलोमिटर तल नेपाल र भारतका मैदानी भूभागसम्म फैलियो। अत: यस घटनालाई तीन चरणमा बुझ्न सकिन्छ। पहिलो, भिरबाट बरफ र चट्टानको ठुलो भाग छुट्टियो। दोस्रो, त्यो सामग्री तीव्र ओरालोमा तल झर्दै खोला किनारको खुकुलो गेग्रानसँग मिसियो। तेस्रो, पानी मिसिएपछि प्रवाह अझ चलायमान भयो र तल्लो क्षेत्रमा पुग्दा अत्यन्त ठुलो विनाशकारी बाढीको रुप लियो।

यसरी २६ अगस्ट २०२६ को बिहान रसुवाका मानिसले पहिले ठुलो आवाज सुने। त्यसपछि जमिन हल्लिएजस्तो भयो। केही मिनेटमै ल्हेन्दे खोलाबाट कालो लेदो, ठुला ढुङ्गा, बरफ र पानीको अती तीव्रगतिमा भयङ्कर छाल तल झर्‍यो। सीमाको व्यापारिक क्षेत्र, सडक, पुल र नदीकिनारका बस्तीले भाग्ने समयसमेत पाएनन्।

### किन यति ठुलो बाढी बन्यो

यो विपद् ठुलो हुनुको मुख्य कारण खसेको प्रारम्भिक पिण्ड मात्र होइन। स्रोतबाट सीमासम्म करिब ३.४ किमि उचाइ घट्छ। यस्तो तीव्र ओरालोले प्रवाहलाई ठुलो गति र शक्ति दियो। साँघुरो खोलामा रहेको खुकुलो माटो, ढुङ्गा र पुरानो गेग्रान पनि त्यसमा मिसियो। नदीको पानीले प्रवाहलाई अझ तरल र छिटो बनायो। यसरी सुरुमा खसेको सामग्रीभन्दा धेरै ठुलो मात्रा तलतिर बग्न पुग्यो।

साँघुरो खौँचले प्रवाहलाई फैलिन नदिई एउटै बाटोमा केन्द्रित गर्‍यो। जहाँ खोला मोडियो वा बाटो केही साँघुरो भयो, त्यहाँ पानी, लेदो र ठुला ढुङ्गाको दबाब बढ्यो। पुल, सडक वा जलविद्युत् संरचनाले प्रवाहको बाटो छेकेमा केही समय अस्थायी बाँध बन्न सक्छ। त्यो अचानक फुट्दा तलतिर अर्को शक्तिशाली छाल जान सक्छ। यस प्रक्रियालाई बुझ्नु महत्त्वपूर्ण छ। हिमालमा सानो देखिने भत्काइले पनि बाटोमा धेरै पदार्थ बटुलेर तल ठुलो विनाश गर्न सक्छ। प्रारम्भिक अनुसन्धानले सुरूमा खसेको बरफ, पानी, चट्टान र माटो करिब २ करोड घनमिटरबाट बाढीको मार्गमा सबै सोहोर्दै लगेर करिब १४-१५ करोड घनमिटर सम्म पुगेको अनुमान छ। त्यसैले जोखिम नक्सा (hazard map) बनाउँदा पहिरो सुरु हुने ठाउँ मात्र होइन, त्यसले यात्रा गर्ने खोँच, सम्भावित अवरोध र अन्त्यमा असर पर्ने बस्ती तथा संरचना पनि हेर्नुपर्छ।





चित्र २: हिम-चट्टान पहिरो अघि र पछिको उपग्रहबाट खिचेको फोटो बायाँ: पहिरो खस्नुअघिको, दायाँ: पहिरो खसेपछिको (घेरामा खसेको क्षेत्र र भक्तपुर नगरपालिकाको नक्सा





चित्र ३: प्रभावित क्षेत्र र स्थानीय तहहरूको नक्सा

### जलवायु परिवर्तनको के भूमिका थियो ?

घटनाअघिका सात दिनमा उक्त क्षेत्रको औसत तापक्रम ९.४३ डिग्री सेल्सियस थियो। त्यस अवधिको तापक्रम

बाँकी पृष्ठ ७ मा

# जनसङ्ख्या नियन्त्रणबारे तुलनात्मक अध्ययन

• नारायणमान बिजुक्छैं

*('आत्मनिर्भरताको प्रश्न र नेपालको आर्थिक विकास' पुस्तक नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले २०४१ सालमा लेख्नुभएको लेखहरूको सङ्कलन हो । उक्त लेखको सङ्कलन २०४६ सालमा पुस्तकाकारमा प्रकाशित भएको थियो । 'नेपालको आर्थिक विकास सन्दर्भ', 'के नेपाल आफ्नो खुट्टामा उभिन सक्छ ?' र 'जनसङ्ख्या नियन्त्रणबारे तुलनात्मक अध्ययन' शीर्षकका लेखहरू एक पर्यवेक्षकको नाममा 'आधार' साप्ताहिक वर्ष १ को २०४१ साल अङ्क १९ देखि २६ सम्म क्रमशः छापिएका थिए । हालै प्रकाशित यो पुस्तक तेस्रो संस्करणको हो । - सं)*

भूमि, पुँजी, विविध प्राकृतिक स्रोत, प्राविधिक ज्ञान, सम्भावित युद्ध तथा देशको रक्षाशक्ति र अन्य सम्भावनालाई ध्यान दिएर मात्रै नेपालमा जनसङ्ख्या नियन्त्रणमा जोड दिनु उचित हुन्छ ।

जनसङ्ख्या नियन्त्रणबारे बढी जोड दिने देशमा युरोपका केही पुँजीवादी देश, जापान र केही वर्षयता चीन देखापरेका छन् । भूमिको हिसाबले तिनको स्थिति वा जनघनत्वसँग नेपालको तुलना गर्नु आवश्यक छ । सन् १९८३ को संयुक्त राष्ट्रसङ्घको विवरण, सन् १९८२ को चिनियाँ जनगणनामा आधारित सन् १९८४ मा प्रस्तुत अन्तर्राष्ट्रिय सेमिनारको तथ्याङ्क र २०३८ सालको नेपालको जनगणनाअनुसार तथ्याङ्क तल दिइएको छ :

| देश | क्षेत्रफल (वर्ग किमि) | जनसङ्ख्या[1] | जनघनत्व (प्रति वर्ग किमि) |
|---|---|---|---|
| जापान | ३,७२,००० | ११,८४,४९,००० | ३१८ |
| बेलायत | २,४४,००० | ५,५७,८२,००० | २२८ |
| पश्चिम जर्मनी | २,४८,००० | ६,१६,३७,००० | २०८ |
| इटाली | ३,०१,००० | ५,६२,७६,००० | १५३ |
| फ्रान्स | ५,५७,००० | ५,४२,२१,००० | ९९ |
| क्वाङतुङ (चीन) | २,२१,००० | ४,९२,९६,००० | २२३ |
| च्याङ्सू (चीन) | १,०२,००० | ६,०५,२०,००० | ५९३ |
| नेपाल | १,४७,१८१[2] | १,५०,२०,०००[3] | १०२[4] |

माथिको विवरणअनुसार तीन युरोपेली मुलुक, जापान र चीनका दुई प्रान्तको तुलनामा नेपालको जनघनत्व कम छ । फ्रान्सको जनघनत्व नेपालको भन्दा कम छ । यसकारण, पेरिस जनसङ्ख्या बढाउने पक्षमा छ र छोराछोरी जन्माउनेलाई सरकारले सहुलियत वा भत्ताको बन्दोबस्त गरेको छ ।

चीन संसारको सबभन्दा बढी जनसङ्ख्या भएको देश हो । अनेक राजनीतिक कारण र अत्यन्त बढ्दै जाने जनसङ्ख्या र तीन आर्थिक प्रगतिको सन्तुलन कायम हुन नसक्ने हुँदा चीनले जनसङ्ख्या नियन्त्रणमा ध्यान दिनु आश्चर्यको कुरा होइन ।

पुँजी वा औद्योगिक उत्पादनको हिसाबले जापान, पश्चिम जर्मनी, बेलायत र इटाली अगाडि बढेका देश हुन् । ५० देखि २०० वर्षसम्म ती देशका प्राकृतिक स्रोत-साधन उपयोग गर्दै गएको हुँदा रित्तिँदै छन् र पुँजी लगाउन नयाँ ठाउँ र बजार खोज्दै जानुपर्ने तिनको स्थिति छ । नेपालमा पुँजीको विकास भर्खरै सुरु भएको मान्नुपर्छ र प्राकृतिक स्रोत-साधन उपयोग गर्न पनि सकिएको छैन । देशको खानी र जलस्रोतमध्ये १०० भागको एक भाग पनि उपयोग गर्न सकिएको छैन । देशको २२ प्रतिशत जग्गामात्रै खेतीयोग्य छ । त्यसमध्ये १० प्रतिशतमा मात्रै सिँचाइको बन्दोबस्त छ ।

विज्ञान र प्रविधिमा विकास भइसकेका देशमा आवश्यक मानिसहरूको कार्यशक्तिको स्थान यन्त्र वा मेसिनहरूले लिन सक्छन् । तर, नेपालको स्थिति त्यस्तो छैन । नेपालले झन्डै १६०० किलोमिटर मात्रै बाह्रै महिना चल्नसक्ने सडक बनाउन सकेको छ । जनसङ्ख्या र क्षेत्रफलको हिसाबले पक्की सडकको लम्बाइमा नेपाल संसारमा सबभन्दा कम मानिन्छ र कच्ची सडक, घोडेटो र गोरेटोमा सामान ओसारपसार गर्छ । विकसित देशमा जस्तै रेल, सडक, रज्जुमार्ग वा विमानले होइन बरु भरिया र घोडा, खच्चर अनि चौरीबाट काम लिइन्छ । रेलको नाममा नेपालमा २९ किलोमिटर जनकपुर-जयनगर रेलमार्ग छ । हेटौँडा-काठमाडौँमा ४२ किलोमिटर रज्जुमार्ग छ । हवाई मार्गको नाममा ७५ जिल्लामा २१ ओटा मात्र हवाई-अड्डा छन् । तिनको पनि नियमित उडान छैन । हवाई यातायातलाई व्यापारिक वा नागरिक सेवाभन्दा पनि सरकारी सेवाको निम्ति लगाइएको देखिन्छ ।

नेपालमा यातायातको क्षेत्रमा जसरी मानिसको श्रमशक्ति नै प्रमुख शक्ति छ यस्तै अन्य क्षेत्रमा पनि जनशक्ति नै मुख्य शक्ति हो । युरोप वा जापानमा यातायात, खेती र उद्योगमा मानिस होइन यन्त्र वा मेसिन मुख्य कार्यशक्ति हुने गर्छ ।

बेलायतमा सन् १७६४ मा जेनी भन्ने एक नयाँ चर्खाको आविष्कार भयो । पुरानो चर्खामा ६ जनाले गर्ने काम एकै जनाले गर्न सक्ने भयो । नयाँ चर्खाको सानो विकासबाट एक व्यक्तिले १६ देखि १८ गुणा बढी काम गर्न सक्ने भयो । सन् १७५८ र १८०४ सम्ममा चर्खाको यान्त्रिकीकरण हुँदा एक व्यक्तिले १४ सयदेखि २ हजार गुणा काम गर्न सक्ने भयो ।

युद्धको सम्भावना घटेको होइन, बढेको छ । अब हुने युद्धले ठुलो आकार ओगट्नेछ र पहिलेभन्दा बढी संहार हुनेछ ।

नेपोलियनले लडेको वाटरलूको युद्धदेखि सन् १९१२-१९१३ अर्थात् विश्वयुद्धअघि सम्म झन्डै १ सय वर्षभित्रै ४५ लाख मानिस मारिएका थिए ।

पहिलो विश्वयुद्ध अर्थात् सन् १९१४-१९१८ सम्म अथवा सवा ४ वर्षभित्र १ करोड मानिस मारिएका थिए । युद्धपछि ठुलो महामारी फैली ४० लाखभन्दा बढी मानिस मरे । ६० लाख जति मानिस लुला-लङ्गडा वा अन्धा भए । लडाइँमा युवकहरू धेरै मरेको हुँदा श्रमशक्ति घटी सबै देशले ठुलो आर्थिक सङ्कट भोग्नुपर्‍यो ।

दोस्रो विश्वयुद्धमा झन्डै ५ करोड जनता मारिए । यहुदीहरूमात्रै ६० लाख मारिए । गैरयहुदी पोल जातिका मानिस मात्रै २० लाख मारिए । क्षेत्रफल र जनसङ्ख्यामा नेपालभन्दा दोब्बर ठुलो देश जर्मनीका ३७ लाख मानिस मारिए । यस हिसाबले एसियामा युद्ध भयो भने लडाकु जातिको रूपमा नेपाल पनि युद्धमा फस्नेछ । यहुदी, पोल र जर्मनहरूजस्तै मारिएको खण्डमा नेपालका झन्डै आधा वा ३ भागको १ भाग जनता केही वर्षभित्रै समाप्त हुनेछन् ।

दोस्रो विश्वयुद्धमा २ करोड ७० लाख रूसी र २ करोड चिनियाँ मारिए । युरोपमा मात्रै १ करोड ३० लाख मानिस युद्धमा मारिए । लडाइँमा नगएका १ करोड ७० लाख सर्वसाधारण मारिए । २ करोड ५० लाख रूसीहरू घरबारविहीन भए ।

त्यसो त पहिलो र दोस्रो विश्वयुद्धमा नेपालीहरू युद्धमा नमुछिएका होइनन् । एक अध्ययनअनुसार पहिलो विश्वयुद्धमा झन्डै १ लाख नेपाली युद्धसँग जोडिए । धेरै 'गोर्खाली' सिपाहीँ बेलायतको तर्फबाट लडेको हुँदा सन् १९२० को गणनाअनुसार नेपालको जनसङ्ख्या सन् १९११ को तुलनामा ६४ हजार ९६१ ले घटेको थियो ।

दोस्रो विश्वयुद्धमा पनि बेलायतकै तर्फबाट नेपालीहरूले भाग लिएका थिए । त्यसमा झन्डै २ लाख 'गोर्खाली' हरू युद्धसँग जोडिए । त्यसबेला नेपालको जनसङ्ख्या ६२-६३ लाख मात्रै थियो ।

बेलायत वा मित्रराष्ट्र तथा भारतसँग नेपालको पुरानो सैनिक सम्बन्ध छ । ती देशसँग नेपालको अनेक किसिमको आर्थिक सम्बन्ध जोडिएको छ । नयाँ आर्थिक सम्बन्धले पुरानो सैनिक सम्बन्धलाई झन् बलियो बनाउन सक्ने हुनाले अब हुने युद्धमा धेरै ठुलो सङ्ख्यामा गोर्खालीहरू युद्धमा मुछिन बेर छैन । युद्ध एसिया र सिमानामै भएको खण्डमा लाखौँलाख नेपाली अथवा सबै उमेर पुगेका र सक्षम 'गोर्खाली' हरू त्यसमा सामेल हुनेछन् ।

पहिलो विश्वयुद्ध परम्परागत ढङ्गकै युद्ध थियो । पैदल सिपाहीँ र बन्दुक मुख्य शक्ति थियो । ट्याङ्क र विमान सहायकमात्र थियो । एक हप्ताको लडाइँपछि केही किलोमिटर अगाडि बढ्न सकिन्थ्यो । लडाइँ नागरिक क्षेत्रभन्दा बाहिरै हुन्थ्यो ।

दोस्रो विश्वयुद्ध त्योभन्दा भिन्दै थियो । लडाइँ सैनिक गाडी, ट्याङ्क र विमानबाट भयो । सैनिकहरू दिनको ५० देखि १०० किलोमिटरसम्म अगाडि बढ्थे । नागरिकहरू युद्धबाट बच्न सक्दैनथे । सहर र औद्योगिक क्षेत्रमा समेत बम प्रहार हुन्थ्यो । लाखौँलाख सर्वसाधारण मारिए । शत्रु पक्षलाई कमजोर पार्न यातायात र सहरहरूलाई समेत आक्रमणको केन्द्र बनाइयो ।



संयुक्त राष्ट्रसंघको तथ्याङ्कको आधारमा तयार पारिएको विश्वको जनघनत्व (सन् २०२४)

युद्धका साधन र नीतिमा हेरफेर भएको हुनाले लडाइँको गति, इलाका र विनासकारितामा ठुलो वृद्धि भएको छ । भियतनाम-चीन सीमा भिडन्त, फोकल्यान्ड-ग्रेनेडा र इराक-इरान युद्धले नयाँ युद्धको झलक दिएको छ । विषालु ग्यास, रासायनिक वस्तु र अनेक प्रकारका बम तथा हातहतियारले युद्धलाई बढी संहारकमात्र होइन खर्चिलो पनि बनाएको छ ।

अरू देशको दाँजोमा हातहतियार तथा युद्धका साधनमा नेपाल साह्रै पछि छ । कमजोर आर्थिक स्थितिले गर्दा इच्छा भएर पनि नेपालले आफूलाई अत्याधुनिक हातहतियारले सुसज्जित पार्न सक्दैन । यसकारण, अत्याधुनिक हातहतियारले सुसज्जित बलियो र संहारक शत्रुको विरोधमा दीर्घकालीन, छकाउने र शत्रुलाई भित्रसम्म फसाउने तथा थकाउने खालको लडाइँमा परम्परागत हातहतियारको माध्यमबाटै अति आधुनिक रणनीति बनाई लड्नुपर्ने हुन्छ । त्यसको निम्ति मानवशक्ति नै निर्णायक तत्त्व हुन्छ, आधुनिक हतियार होइन । यसकारण, देशको रक्षाशक्तिमा अत्याधुनिकता नआएसम्म जनसङ्ख्या नियन्त्रण गर्नु आत्मघाती नहोला भनी सोच्न सकिन्न ।

आर्थिक रूपमा कमजोर मुलुकले आफूलाई अत्याधुनिक हातहतियारबाट सुसज्जित पार्न पनि धनी मुलुक वा शक्ति राष्ट्रहरूको निहोरा गर्नुपर्ने हुन्छ । विदेशी ऋणले कमजोर र विकास भइनसकेको देश नयाँ उपनिवेशमा फेरिन सम्भव छ । ऋण तिर्न ठुलो उत्पादनको आवश्यकता हुन्छ । अहिले जनशक्ति नै उत्पादनको मुख्य साधन हुनाले कम जनसङ्ख्याबाट त्यस आवश्यकतालाई पूर्ति गर्न सकिँदैन ।

सन् १९१४ अगस्तदेखि १९१८ अर्थात् पहिलो विश्वयुद्धकै बेला हरेक एक मिनेटमा एक फ्रान्सेली मारिएको थियो । दोस्रो विश्वयुद्धमा त यसको तीव्रता झन् चर्को भयो । नागासाकी र हिरोसिमामा एकै क्षणमा लाखौँ मानिस अमेरिकी परमाणु बमले मारिए । अब हुने युद्ध योभन्दा धेरै तीव्र र विनाशकारी हुनेछ ।

नेपाल एक विकासशील देश हो । उद्योग, व्यापार र प्राविधिक क्षेत्रमा मात्रै होइन शिक्षा, स्वास्थ्यमा समेत देश पछाडि छ । झाडाबान्ता, आउँ, मस्तिष्क ज्वरो (इन्सेफ्लाइटिस) र मेनेन्जाइटिस, दादुरा, कुपोषण आदि महामारी एवम् अनेक रोगले गर्दा जन्मदरजस्तै मृत्युदर पनि विकसित देशको तुलनामा बढी छ । आज नेपालको जनसङ्ख्या बढिसकेको मानौँ । तर, यातायात सुविधाको अभाव, सबै जिल्ला र गाविसमा अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीको बन्दोबस्त भइनसकेको हुँदा झाडाबान्ताजस्ता महामारी र इन्सेफ्लाइटिस तथा मेनेन्जाइटिसजस्ता नयाँ सङ्क्रामक रोगले जनसङ्ख्याको ठुलो भागलाई केही दिनभित्रै मृत्युको मुखमा पार्न सक्छ । त्यसो त सामान्यतया विकसित देशको तुलनामा कम विकसित वा विकासशील देशमा मृत्युदर बढी हुन्छ । एउटा उदाहरण हेरौँ :

विकसित देशमा १ हजार केटाकेटीमध्ये १९ जना मर्छन् र विकासशील देशमा ९३ जना मर्छन् ।

नेपालका १ हजार केटाकेटीमध्ये १५० जना मर्छन् । त्यस्तै, विकसित देशको तुलनामा विकासशील देशका जनताको सालाखाला आयु पनि कम हुन्छ । त्यसअनुसार अरूको तुलनामा नेपालीहरूको आयु कमै छ ।

दीर्घायुको हिसाबले सन् १९८१-१९८२ मा आइसल्यान्ड सबैभन्दा अगाडि थियो । त्यतिबेला त्यहाँका लोग्नेमान्छेहरूको आयु ७३.९१ थियो भने स्वास्नीमान्छेहरूको आयु ७९.४५ थियो । अर्थात्, आइसल्यान्डमा जनताको सालाखाला आयु ७६.६८ थियो ।

***क्रमशः***

संरा अमेरिका र यसको संलग्नतामा दोस्रो विश्वयुद्धपछि युद्धमा मारिएका विश्वभरिका मानिसको सङ्ख्या (स्रोत : मन्थ्ली रिभ्यू)

| देश | मृतक सङ्ख्या |
|---|---|
| अफगानिस्तान | कम्तीमा १ लाख ७६ हजार |
| बोस्निया | २० देखि ३० हजार |
| बोस्निया र क्रायिना | साढे २ लाख |
| कम्बोडिया | २० देखि ३० लाख |
| चाड | ४० हजार, २ लाखलाई चरम यातना |
| चिली | १० हजार (पिनोचे राजमा) |
| कोलम्बिया | ६० हजार |
| कङ्गो | १ करोड (बेल्जियमको राजमा) |
| क्रोएसिया | १५ हजार |
| क्युबा | १८ सय |
| डोमिनिकन गणतन्त्र | कम्तीमा ३ हजार |
| पूर्वी टिमोर | २ लाख |
| एल साल्भाडोर | ७५ हजारभन्दा बढी |
| ग्रीस | ५० हजारभन्दा बढी |
| ग्रेनाडा | २७७ |
| ग्वाटेमाला | १.४ लाखदेखि २ लाखसम्म |
| हाइटी | १ लाख |
| होन्डुरस | कम्तीमा ३१६ |
| इन्डोनेसिया | ५ देखि ३० लाख |
| इरान | २ लाख ६२ हजार |
| इराक | युद्धमा २४ लाख, नाकाबन्दीबाट ५७६ हजार बालबालिका, खाडी युद्धमा १ लाखभन्दा बढी |

# ब्राजिलको चुनावमा हस्तक्षेप नगर्न ट्रम्पलाई लुलाको आग्रह



ब्रासिलिया, १ असोज (एएफपी)। ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले आगामी साता संयुक्त राष्ट्रसङ्घको महासभामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट भएमा ब्राजिलको चुनावमा हस्तक्षेप नगर्न आग्रह गर्ने बताउनुभएको छ। अक्टोबरमा हुने राष्ट्रपतीय चुनावलाई लिएर दुई देशबिच तनाव बढिरहेका बेला उहाँले यस्तो धारणा सार्वजनिक गर्नुभएको हो।

लुलाले ब्रासिलियामा आयोजित चुनावी कार्यक्रममा आफू महासभाका क्रममा ट्रम्पसँग कुराकानी गर्न जाने र 'ब्राजिलको चुनावमा हस्तक्षेप नगर्न' आग्रह गर्ने बताउनुभयो। ब्राजिलको विदेश मन्त्रालयका अधिकारी कार्लोस बिकालो कोजेन्डेले भने दुई नेताबिच विशेष द्विपक्षीय बैठक तय नभएको, तर गत वर्षजस्तै महासभामा भेट हुनसक्ने बताउनुभयो।

अमेरिकाले जुलाईमा ब्राजिलबाट आयात हुने वस्तुमा दुई चरणमा नयाँ शुल्क लगाएपछि लुलाले त्यसलाई आर्थिक दबाबमार्फत चुनाव प्रभावित पार्ने प्रयासका रूपमा आलोचना गर्नुभएको थियो। ट्रम्प प्रशासनसँगको तनाव सन् २०२५ मा पूर्वराष्ट्रपति जाइर बोल्सोनारोमाथि चलेको मुद्दालाई लिएर ब्राजिलमाथि पहिलो चरणको शुल्क लगाएपछि सुरु भएको थियो।

जाइर बोल्सोनारो ट्रम्पका सहयोगी तथा लुलाका चुनावी प्रतिद्वन्द्वी फ्लेभियो बोल्सोनारोका पिता समेत हुन्। एएफपीका अनुसार जाइरलाई सत्ता पल्टाउने प्रयास गरेको अभियोगमा दोषी ठहर गरिएको छ।

# क्यानाडालाई एसोसिएट सदस्य बनाउन ईयूको प्रस्ताव

स्ट्रासबर्ग (फ्रान्स), १ असोज (एपी)। युरोपेली सङ्घ (इयु) ले क्यानाडासँग आर्थिक, सुरक्षा तथा रणनीतिक सहकार्य विस्तार गर्दै उसलाई सङ्घको पहिलो 'एसोसिएट सदस्य' बनाउन प्रस्ताव गरेको छ। युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले बुधबार विद्यमान व्यापार सम्झौताभन्दा अघि बढेर क्यानाडासँग व्यापक साझेदारी निर्माण गर्न प्रस्ताव गर्नुभएको हो।

स्ट्रासबर्गस्थित युरोपेली संसद्मा आफ्नो वार्षिक सम्बोधनका क्रममा उहाँले क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसँग 'भविष्यका लागि गठबन्धन' निर्माण गर्न आह्वान गर्नुभयो। उहाँले क्यानाडा र युरोप लोकतन्त्र तथा समान मूल्यमा विश्वास गर्ने भएकाले सम्बन्धलाई सम्भव भएसम्म उच्च तहमा पुऱ्याउन चाहेको बताउनुभयो।

प्रस्तावित साझेदारी विद्यमान व्यापक आर्थिक तथा व्यापार सम्झौता (सिइटिए) मा आधारित हुने तथा रक्षा उत्पादन, प्रविधि, आर्कटिक, ऊर्जा, महत्त्वपूर्ण खनिज, कृत्रिम बौद्धिकता, क्वान्टम कम्प्युटिङ, साइबर सुरक्षा र आर्थिक सुरक्षालगायत क्षेत्रमा सहकार्य विस्तार गरिने भोन डेर लेयनले बताउनुभयो। "यो साझेदारी कसैको विरुद्धमा होइन, हाम्रो साझा शक्तिका लागि हो," उहाँले भन्नुभयो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इयुको प्रस्तावप्रति असन्तुष्टि जनाउँदै क्यानाडालाई एसोसिएट सदस्य बनाउने प्रयास 'शत्रुतापूर्ण कदम' हुन सक्ने चेतावनी दिएका छन्। उनले त्यसको प्रतिक्रियामा युरोपेली सामानमा थप भारी शुल्क लगाउन सकिने चेतावनी दिए।

ट्रम्पका शुल्क नीति तथा क्यानाडालाई अमेरिकाको ५१ औँ राज्य बनाउने विषयमा उहाँले व्यक्त गर्दै आएको धारणाले दुई उत्तर अमेरिकी मुलुकबिचको सम्बन्धमा तनाव बढेको छ। क्यानाडाले अमेरिकामाथिको व्यापारिक निर्भरता घटाउन खोजिरहेको छ भने प्रधानमन्त्री कार्नीले इयुसँग थप निकट सम्बन्ध निर्माणमा जोड दिँदै आउनुभएको छ।

इयुसँगको सम्बन्ध विस्तारलाई क्यानाडाले आफ्नो सार्वभौमसत्ता बलियो बनाउने माध्यमका रूपमा हेरेको छ। इयुका लागि क्यानाडाका नियुक्त राजदूत जोनाथन विल्किन्सनले क्यानाडाले पूर्ण सदस्यता नखोजी आफ्नो सार्वभौमसत्ता कायम राख्दै इयुसँग सकेसम्म निकट सम्बन्ध बनाउन चाहेको बताउनुभयो।

क्यानाडा र इयुबिच प्रस्तावित एसोसिएट सदस्यताको स्वरूप, अधिकार तथा दायित्व भने अझै निश्चित भएको छैन। अक्टोबरमा हुने क्यानाडा-इयु शिखर सम्मेलनमा यसबारे थप स्पष्टता आउने अपेक्षा गरिएको छ। एसोसिएट सदस्यताको अवधारणा यसअघि युक्रेन र ब्रेक्जिटपछि बेलायतका सन्दर्भमा पनि उठे पनि अहिलेसम्म कुनै देशले यस्तो हैसियत पाएको छैन।

क्यानाडा यसै वर्ष इयुको करिब एक खर्ब ५० अर्ब युरोको रक्षा कार्यक्रम 'सेफ' मा सहभागी हुने पहिलो गैरइयु देश बनेको छ। यसले रक्षा उद्योग तथा संयुक्त खरिदमा दुई पक्षबिच सहकार्य विस्तारको आधारसमेत तयार गरेको छ।

प्रधानमन्त्री कार्नीले आर्थिक एकीकरणलाई केही देशले आफ्नो हितमा प्रयोग गर्न सक्ने अवस्था रहेकाले मध्यम शक्तिहरूबिच सहकार्य आवश्यक रहेको बताउनुभएको छ। यसैबिच, ट्रम्पले बुधबार अमेरिकी सरकारको सङ्घीय खरिद प्रणालीमा क्यानाडाली सामानको प्रयोग सीमित गर्न निर्देशन दिएका छन्।

प्रस्तावित नयाँ सम्बन्धले व्यापार र रक्षासँगै प्रविधि, ऊर्जा तथा महत्त्वपूर्ण खनिजजस्ता क्षेत्रमा क्यानाडा र इयुबिच सहकार्य विस्तार गर्ने अपेक्षा गरिएको छ।

# विश्वको पानी चक्र अनियमित बन्दै

जेनेभा, १ असोज (एएफपी)। विश्वमा पानीको चक्र झन् अनियमित बन्दै गएको र कतै अत्यधिक पानी त कतै गम्भीर अभावको अवस्था देखिन थालेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) ले बिहीबार सार्वजनिक गरेको प्रतिवेदनमा जलवायु परिवर्तनका कारण पानीको उपलब्धता र प्रवाहमा असन्तुलन बढ्दै गएको उल्लेख गर्दै आगामी दिनमा जोखिम अझ बढ्नसक्ने चेतावनी दिएको छ।

डब्लुएमओका अनुसार सन् २०२५ विश्वका नदीहरूका लागि तीन दशकभन्दा बढी अवधिमध्येकै सबैभन्दा सुक्खा वर्षमध्ये एक रह्यो। गत वर्ष विश्वका सबै क्षेत्रमा हिमनदी खुम्चिएका छन् भने धेरै स्थानमा भूमिगत पानीको सतह पनि लगातार घटिरहेको छ। पृथ्वीको ताजा पानीको भण्डारणमा दशकौँदेखि देखिएको गिरावटसमेत निरन्तर रहेको प्रतिवेदनले जनाएको छ।

डब्लुएमओका महासचिव सेलेस्टे साउलोले भूजल र हिमनदीजस्ता दीर्घकालीन पानी भण्डार घट्दै जानु विशेष चिन्ताको विषय भएको बताउनुभयो। उहाँका अनुसार यस्ता भण्डारले खडेरी वा सुक्खा मौसममा पानीको अभाव तत्काल सङ्कटमा परिणत हुन नदिने 'बचत खाता' को काम गर्दै आएका थिए। "अब हामी त्यो बचत खाता खाली गर्दैछौँ, हाम्रा पानीका भण्डार खर्च गरिरहेका छौँ," उहाँले भन्नुभयो।

सन् २०२५ मा विश्वका सबै क्षेत्रमा हिमनदीले लगातार चौथो वर्ष उल्लेख्य मात्रामा बरफ गुमाएका छन्। सन् २०२३ देखि २०२५ सम्म हिमनदीहरूले करिब एक हजार चार सय गिगाटन पानीबराबरको द्रव्यमान गुमाएको अनुमान गरिएको छ। विश्वभर अनुगमन गरिएका करिब दुईतिहाइ कुवामा सन् २०२५ मा ऐतिहासिक अवस्थाभन्दा फरक स्थिति देखिएको साउलोले बताउनुभयो।

यसबिच एल निनोको सम्भावित प्रभावले पानीसम्बन्धी जोखिम अझ बढाउन सक्ने उहाँले चेतावनी दिनुभयो। करिब चार दशकयताकै शक्तिशाली एल निनो विकसित हुने अपेक्षा गरिएको भन्दै उहाँले यसका कारण केही क्षेत्रमा खडेरी र अन्य क्षेत्रमा बाढीको जोखिम बढ्ने बताउनुभयो।

डब्लुएमओका अनुसार एल निनोको प्रभाव देखिनुअघि नै विश्वका नदीमा पानीको प्रवाह असामान्य बनेको थियो। सन् २०२५ पछिल्लो ३५ वर्षमा नदीहरूका लागि सबैभन्दा सुक्खा तीन वर्षमध्ये एक रह्यो। लगातार सातौँ वर्ष विश्वभर सामान्य नदी प्रवाह भएका जलाधारको सङ्ख्या अल्पमतमा रह्यो। प्रतिवेदनअनुसार करिब ३६ प्रतिशत नदी बेसिनमा मात्र सामान्य प्रवाह देखिएको थियो भने सोही अनुपातमा सामान्यभन्दा कम र २१ प्रतिशतमा सामान्यभन्दा बढी प्रवाह थियो।

## विश्व सङ्क्षेप

# राष्ट्रसङ्घद्वारा एआई नियमनका लागि विश्वव्यापी प्रयासको आह्वान

संयुक्त राष्ट्रसङ्घ, १ असोज (सिन्ह्वा)। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कृत्तिम बौद्धिकता (एआई) को नियमन गर्न समन्वित विश्वव्यापी प्रयासको आह्वान गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय महासभाले आयोजना गरेको पत्रकार सम्मेलनमा गुटेरेसले भन्नुभयो, "हामीलाई एआइको सुरक्षित र जिम्मेवार विकासलाई कसरी अगाडि बढाउने भन्ने बारे साझा समझदारी चाहिन्छ, बढ्दो शक्तिशाली प्रणालीलाई बलियो सुरक्षित र सम्भावित जोखिम व्यवस्थापन गर्न वास्तविक अन्तर्राष्ट्रिय सहयोग र समन्वित विश्वव्यापी प्रयास आवश्यक छ।"

यसैबिच उहाँले विश्वले भू-राजनीतिक विभाजनको बिचमा एआई सुरक्षाको दौडमा अपेक्षित उपलब्धि गर्न नुक्ने चेतावनी पनि दिनुभएको छ।

"हामीलाई विश्वास निर्माण गर्न र मानवीय मर्यादाका साथ एआईलाई सुरक्षित, पारदर्शी, जवाफदेही बनाउनका लागि आवाश्यक मार्गदर्शन चाहिन्छ यस्तो समयमा विश्वले तीनवटा अस्तित्वगत खतराको सामना गरिरहेको छ। जसमा एआइको प्रभाव, जलवायु सङ्कट र असमानतालगायतका मुख्य विषयमा समझदारी कायम गर्न अन्तर्राष्ट्रिय सहयोग पहिलेभन्दा बढी आवश्यक छ," उहाँले भन्नुभयो। एआईसँग दिगो विकासलाई गति दिन, सिकाइ बढाउन, स्वास्थ्य प्रणालीलाई सुदृढ पार्न, जलवायु सङ्कट घटाउन र अन्य धेरैका लागि विशाल सम्भावना रहेको जनाइएको छ। यद्यपि, यसको असुरक्षित प्रयोग गर्नेको बढ्दो सङ्ख्याले जोखिम बढाएको चेतावनी दिइएको छ। विकास जोखिमबारे मानविय बुझाइभन्दा अगाडि दौडिरहेकाले आवाश्यक नियमन र व्यवस्थापनको आह्वान गरिएको जनाइएको छ। यस्तो अवस्थामा एआईको विकासको अग्रपङ्क्तिमा रहेका मानिसले उठाएका चिन्तालाई बेवास्ता गर्न नसकिने गटेरेसले जनाउनुभएको छ।

सबै राष्ट्रले आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ, एआई खतरासहित आफ्ना नागरिकको सुरक्षा गर्नु कुनै पनि सरकारको पहिलो जिम्मेवारी यसको लागि विश्वव्यापी समन्वय अपरिहार्य छ, उहाँले बताउनुभयो।

पृथक, अप्रमाणित र असमान रूपमा लागु गरिएका स्वैच्छिक उपायले यस्ता जटिल समस्यालाई सम्बोधन नगर्ने गुटेरेसले चेतावनी दिनुभयो।

# ओपन एआईले एआई दुर्व्यवहारका छ घटना सार्वजनिक गर्ने

न्युयोर्क, ३१ भदौ (एएफपी)। अमेरिकी कृत्रिम बौद्धिकता कम्पनी ओपनएआईले आफ्ना एआई मोडेल अनपेक्षित रूपमा नियन्त्रणबाहिर जाने घटनालाई व्यवस्थित रूपमा सार्वजनिक गर्ने जनाएको छ। कम्पनीले बुधबार यस्ता छ वटा घटना सार्वजनिक गर्दै एआई विकाससँग जोडिएका जोखिमबारे पारदर्शिता बढाउने प्रतिबद्धता व्यक्त गरेको हो। सार्वजनिक गरिएका घटनामध्ये दुई घटनामा परीक्षणका क्रममा एआई मोडेल आफ्नै नियन्त्रित वातावरणबाट बाहिर निस्केर इन्टरनेटमा पहुँच बनाउँदै विभिन्न वेबसाइट तथा प्लेटफर्ममा प्रवेश गरेका थिए। ओपनएआईले एआई उद्योगले तीव्र गतिमा विकास विस्तार गर्नुअघि सुरक्षा र अनुगमन प्रणाली थप सुदृढ बनाउन आवश्यक रहेको बताएको छ।

कम्पनीले अब एआई प्रणालीले अनुमति नदिइएका कार्य गर्ने, अनुगमनबाट बच्ने तथा अन्य एआई प्रणालीसँग अनपेक्षित रूपमा समन्वय गर्ने प्रयासलगायतका घटनासमेत सार्वजनिक गर्ने जनाएको छ। नयाँ प्रणालीले एआई विकास, परीक्षणदेखि अनलाइन प्रयोगसम्मका घटनालाई समेट्नेछ।

बुधबार सार्वजनिक गरिएका छवटा घटनाबाट उल्लेखनीय क्षति नभए पनि तिनले एआईमा देखिएका अनपेक्षित व्यवहारको प्रवृत्तिलाई पुष्टि गरेको कम्पनीले जनाएको छ। मे महिनाको एउटा घटनामा एआई मोडेलले प्रश्नको उत्तर दिन इन्टरनेटमा आफैँ स्रोत सिर्जना गरी त्यसैलाई उद्धृत गरेको थियो। अर्को घटनामा आफूले फेला नपारेको तथ्याङ्क सिर्जना गर्ने तथा आफ्ना त्रुटि लुकाउने उपाय सुझाएको पाइएको थियो। यसअघि एन्थ्रोपिकका प्रमुख कार्यकारी डारियो अमोदेईले एआई विकासको गति केही समय घटाएर नयाँ जोखिम बुझ्न पर्याप्त समय दिनुपर्ने प्रस्ताव गर्नुभएको थियो। ओपनएआईका प्रमुख कार्यकारी साम अल्टम्यान, गुगल डिपमाइन्डका अध्यक्ष डेमिस हासाबिस, एलन मस्क र माइक्रोसफ्टका प्रमुख कार्यकारी सत्य नाडेलालगायतले उक्त प्रस्तावलाई समर्थन गर्नुभएको थियो।

# चन्द्रमामा नयाँ विशाल क्रेटर भेटियो

वासिङ्टन, १ असोज (एएफपी)। अमेरिकी अन्तरिक्ष संस्था नासाले चन्द्रमामा हालै बनेको २२२ मिटर चौडा विशाल क्रेटर पत्ता लगाएको छ। 'म्याकगेचिन' नाम दिइएको उक्त क्रेटर निर्माण हुने स्तरको प्रभाव चन्द्रमामा करिब एक शताब्दीमा एक पटक वा त्योभन्दा लामो अन्तरालमा मात्र हुने वैज्ञानिकहरूले अनुमान गरेका छन्। नासाका अनुसार सन् २०२४ को वसन्तमा चन्द्रमासँग ठोक्किएको धूमकेतु वा क्षुद्रग्रहका कारण क्रेटर बनेको हो। तीनदेखि छ तले भवनजत्रो वस्तु ठोक्किँदा बनेको अनुमान गरिएको यो क्रेटर नासाको लुनार रिकोनिसन्स अर्बिटर (एलआरओ) का अनुसन्धानकर्ता रोबर्ट वाग्नरले नयाँ तस्बिर तथा स्क्यान अध्ययन गर्ने क्रममा पत्ता लगाउनुभएको हो।

सन् २००९ देखि चन्द्रमाको अध्ययन गरिरहेको एलआरओले उक्त क्षेत्रलाई 'अँध्यारो प्रभामण्डलले घेरिएको ठुलो उज्यालो क्षेत्र' का रूपमा देखाएको थियो। साइन्स एडभान्सेस जर्नलमा प्रकाशित अध्ययनले म्याकगेचिनलाई सौर्यमण्डलमा अहिलेसम्म पहिचान गरिएको सबैभन्दा ठुलो नयाँ क्रेटर भनेको छ।

वैज्ञानिकहरूका अनुसार हालै बनेको क्रेटरको अध्ययनबाट चन्द्रमाको भूगर्भीय संरचना र क्रेटर निर्माण प्रक्रियाबारे थप जानकारी प्राप्त गर्न सकिनेछ। यसले भविष्यका चालकदलसहितका चन्द्र अभियानको तयारीमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। संयुक्त राज्य अमेरिका र चीन दुवैले चन्द्रमामा मानव अभियान सञ्चालन गर्ने योजना अघि बढाइरहेका छन्।

पृथ्वीमा जस्तो बाक्लो वायुमण्डल नभएकाले चन्द्रमामा अन्तरिक्षबाट आउने धूमकेतु, क्षुद्रग्रह वा अन्य भग्नावशेष उच्च गतिमै सतहमा ठोक्किन्छन्। त्यसैले त्यहाँ यस्ता प्रभावबाट नयाँ क्रेटर बन्ने गर्छन्।

## रसुवाको...

सन् २००१ देखि २०२५ सम्मका अगस्ट महिनाको तुलनामा उच्च देखिएको छ । शून्य डिग्रीभन्दा माथिको दैनिक तापक्रम जोडेर निकालिने सूचकलाई सकारात्मक तापक्रम योग (positive degree days -PDD) भनिन्छ । घटनाअघिका सात दिनमा यो ६५.९४ डिग्री सेल्सियस तापक्रम योग (PDD) थियो, जसले बरफ पग्लन अनुकूल न्यानो अवस्था रहेको सङ्केत गर्छ । न्यानो मौसमले हिउँ र बरफ पगाल्छ । पग्लेको पानी चट्टानका चिरामा पस्न सक्छ । राति जम्ने र दिउँसो पग्लने प्रक्रिया पटक-पटक हुँदा चिरा फराकिलो बन्छ । लामो समयदेखि जमेको जमिन (permafrost) पग्लिँदा चट्टानलाई समातेर राख्ने प्राकृतिक जोड कमजोर हुन सक्छ । यो प्रक्रियाको कारण हुन सक्छ भन्ने प्रबल सम्भावना जलवायु परिवर्तनको तथ्याङ्कले पनि दिन्छ । जलवायुसम्बन्धी तथ्यलाई केलाउने हो भने सो क्षेत्रमा वार्षिक तथा मौसमअनुसारको तापक्रम लामो समयदेखि उल्लेखनीय रूपमा बढिरहेको देखाउँछ । तीमध्ये हिउँदको तापक्रम बढ्ने दर सबैभन्दा उच्च छ । उच्च हिमाली क्षेत्रमा हिउँदको तापक्रम बढ्दा जमेको जमिन (permafrost) कमजोर हुन सक्छ । उक्त चट्टान भत्किनुभन्दा सात दिन अगाडिको दिनको तापक्रम असामान्य रूपमा बढी नै थियो । यो घटना पछिल्ला केही वर्षदेखि निरन्तर देखिएको उच्च तापक्रमको अवस्थापछि भएको थियो । हुन त तापक्रमको तथ्याङ्कले मात्र पहाडको ठुलो भाग छुट्टिएर खस्नुको वास्तविक र तत्कालको कारण तापक्रम नै हो भने पुष्टि गर्दैन । यसको स्पष्ट कारण बुझ्न हिमनदीको गति, चट्टानभित्रको पानीको चाप, चट्टानको बनावट तथा घटनास्थलको तत्कालीन अवस्थाबारे विस्तृत स्थलगत अध्ययन जरूरी छ । जलवायु परिवर्तनको कारण नै हुन सक्छ भन्ने अर्को तथ्य हिमनदीहरूमा भइरहेको क्षयले पनि देखाउँछ । यस क्षेत्रलगायत हिन्दु-कुश हिमालयमा नै हिमनदीहरू क्षयीकरण भइरहेको छ । यसरी हिमनदी क्षयीकरण भएर पछाडि हट्दा पहिले बरफले थामेको भिर खुला र अस्थिर बन्न सक्छ । हिन्दु-कुश हिमालय क्षेत्रको बारेमा अध्ययनहरू गर्दै आएको ICIMOD संस्थाबाट उपलब्ध हिमनदीहरूको परिवर्तनसम्बन्धी नक्सा (चित्र नं: ४ को क्षेत्र मात्र) र तथ्याङ्कअनुसार अहिले खसेको हिमनदी वरिपरिको क्षेत्रको हिमनदीहरूको क्षेत्रफल सन् १९९० मा करिब १३.८६ वर्ग किलोमिटर रहेको हिमनदीको कुल क्षेत्रफल सन् २०२० सम्म आइपुग्दा घटेर ११.०८ वर्ग किलोमिटर मा सीमित भएको छ । विगत तीन दशक (१९९०-२०२०) को अवधिमा हिमनदीको क्षेत्रफलमा कुल २० प्रतिशत (लगभग २.७७८ वर्ग किलोमिटर) को गिरावट आएको छ । नक्सामा प्रस्तुत भू-उपग्रहीय नक्साङ्कन (Spatial Mapping) ले पनि सन् १९९० देखि २०२० सम्म हिमनदीको सिमाना निरन्तर पछाडि हट्दै (Glacier Retreat) गएको भौगोलिक यथार्थलाई पुष्टि गर्छ । तर सन् २०२४ देखि २०२६ सम्मको भूउपग्रहको नक्साको अध्ययनले भने अहिले खसेको हिमनदीको पछिल्लो भागको गति साधारणभन्दा तीव्र रहेको देखाउँछ तर खसेको भाग नजिक भने गति ढिलो थियो । यसको कारण खसेको भाग वरिपरि धेरै शक्ति सञ्चय भएर एक्कासि खसेको हुन सक्छ । यो प्रक्रिया पनि हिमनदी पग्लेर नै हुन सक्छ । यसरी तीव्रगतिमा हिमनदी पग्लिनुले विश्वव्यापी तापमान वृद्धिको असरलाई दर्शाउनुका साथै तल्लो तटीय क्षेत्रमा हिमताल विस्फोटनजन्य बाढी (GLOF) तथा जलस्रोत सङ्कटको जोखिम बढाएको छ । यी सबै प्रक्रिया हिमाली पहिरोको जोखिम बढाउने कारण हुन् । तर, यो नै तत्कालीन कारण हो भन्नको लागि भने थप अनुसन्धान आवश्यक छ । हिमनदीको चाल, पग्लेको पानी, कमजोर चट्टान, जम्ने -पग्लने क्रम र माथिबाट परेको दबाबमध्ये कुन कारण निर्णायक बन्यो भन्ने विषयमा अझै अनुसन्धान भइरहेको छ । तर, बढ्दो तापक्रमले हिमाली भूभागलाई दीर्घकालीन रूपमा अस्थिर बनाइरहेको कुरा भने सत्य हो । जलवायु परिवर्तन (climate change) ले कुनै एक पहिरो ठ्याक्कै कुन दिन खस्छ भनेर भन्न सकिँदैन तर यसले जोखिमको पृष्ठभूमि भने बदल्छ । जस्तै : औसत तापक्रम बढाउँछ; बरफ पग्लने अवधि परिबर्तन गर्छ र जमेको जमिन पग्लेर कमजोर बनाउँछ । त्यसैले यो घटनालाई जलवायु परिवर्तनसँग जोड्दा जलवायु परिवर्तनको सम्भावित योगदान र तत्कालीन प्रमाणित मुख्य कारण बिचको भिन्नता स्पष्ट हुनुपर्दछ ।







***चित्र ४: ERA-५ data को अनुसार लाङटाङ क्षेत्रमा बढ्दो तापक्रम (माथिल्लो ग्राफ: सन् १९४० देखि सन् २०२६ सम्ममा जुन, जुलाई र अगस्ट महिनाको मौसमी औसत तापक्रम करिब ५.५ डिग्री सेल्सीयसबाट करिब ८ डिग्री सेल्सीयस पुगेको छ, तल्लो ग्राफ: सन् १९६१ देखि सन् १९९० सम्मको औसत जुन, जुलाई र अगस्टको औसत र सन् २०२६ सोही महिनाहरूमा लाङटाङ क्षेत्रको तापक्रम***

### मानवीय क्षति र भौतिक विनाश

नेपाल सरकारको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) तथा राष्ट्रिय समाचार समिति (RSS) का पछिल्ला आधिकारिक प्रतिवेदनहरूअनुसार रसुवा-भोटेकोसी बाढी २०८३ को अद्यावधिक तथा प्रमाणित तथ्याङ्क निम्नानुसार रहेको छ:

नेपाल सरकारले सेप्टेम्बर ८-९, २०२६ सम्मको स्थितिअनुसार १,३९३ जनाको शव फेला परेको पुष्टि गरेको छ । करिब ५,३०० जना अझै बेपत्ता रहेका छन् भने १३,५८३ जनाभन्दा बढीको सफलतापूर्वक उद्धार गरिएको छ । खोज, उद्धार तथा मृतकहरूको पहिचान र पुष्टि गर्ने कार्य निरन्तर जारी रहेकाले यी सङ्ख्याहरूमा परिमार्जन भइरहेको छ ।

यो विवरण NDRRMA को प्रारम्भिक मूल्याङ्कन हो । विस्तृत अध्ययनपछि क्षतिको रकम र संरचनाको सङ्ख्या परिमार्जन हुन सक्छ । तर, एउटै नदी कोरिडोरमा धेरै बस्ती, सडक, पुल र जलविद्युत् आयोजनाहरू गुजुमुक्क पारेर निर्माण गर्दा माथिल्लो भागमा आउने प्राकृतिक विपद्ले तलका संरचनाहरूलाई क्रमबद्ध (Cascading effect) रूपमा असर गर्ने स्पष्ट देखिएको छ ।

करिब रु. ४०० अर्बको प्रत्यक्ष क्षतिमा भत्किएका घर, सडक, पुल, सरकारी भवन र ऊर्जा संरचनाजस्ता देखिने नोक्सानीहरू पर्छन् । तर, व्यापार बन्द हुनु, रोजगारी गुम्नु, खेतीको उत्पादन घट्नु, पर्यटन प्रभावित हुनु र पुनर्वासमा लाग्ने दीर्घकालीन खर्च करीब ६००-७०० अर्ब (USD ४ देखि ५ अर्ब) जोड्दा वास्तविक आर्थिक असर अझ ठुलो हुने देखिन्छ ।

मानवीय क्षति र भौतिक विनाश (भाद्र २५ सम्मको अद्यावधिक)

| क्षतिको क्षेत्र | अद्यावधिक सरकारी विवरण (NDRRMA / RSS) |
|---|---|
| आवास (घरहरू) | करिब ७,५७० वटा घर प्रभावित / क्षतिग्रस्त |
| प्रभावित जनसङ्ख्या | करिब ३२,९३३ जना विस्थापित |
| क्षतिग्रस्त सडक | ५५ कि.मी. (बेत्रावती-रसुवागढी राजमार्ग खण्ड) |
| मोटर चल्ने पुल | ३७ वटा |
| झोलुङ्गे पुल | ६८ वटा |
| कृषियोग्य जमिन | करिब १,८०६ हेक्टर बगरमा परिणत वा कटान |
| ऊर्जा संरचना | १३ जलविद्युत् आयोजना, १ सौर्य आयोजना र २ मुख्य प्रसारण लाइन (त्रिशूली २२० केभी सबस्टेसन ध्वस्त) |
| प्रत्यक्ष आर्थिक क्षति | प्रारम्भिक सरकारी अनुमान करिब रु. ४०० अर्ब |
| तत्काल पुनर्स्थापना लागत | आगामी ४ महिनाका लागि रु. ८ अर्ब |

### नेपालको उत्सर्जन सानो तर जोखिम ठुलो

संसारभरि नै भूजन्य प्रकोप वा अहिलेको जस्ता घटनाहरू पहिले पनि भएको थियो । पृथ्वीको उत्पति र अहिलेसम्मका पृथ्वीको स्वरूप यस्तै घटनाहरूको परिणाम हो । यस्ता घटना सयौँदेखि लाखौँ वर्षमा हुने गर्दछ । जलवायु परिवर्तनले यस्ता घटना चाँडो चाँडो र सोचेभन्दा ठुलो परिमाणको हुने गरी असर पार्दछ । अत: विभिन्न तथ्यहरूसहित हामीले यो घटनालाई जलवायु परिवर्तनले गर्दा अहिले भएको हो भन्न सक्छौँ । हुन त जलवायु परिवर्तनको जिम्मेवारी सबै देशलाई बराबर छैन । सन् २०२४ मा नेपालले १८.८ मिलियन टन कार्बन डाइअक्साइड ($CO_2$) उत्सर्जन गयो । यो विश्वको वार्षिक उत्सर्जनको करिब ०.०५ प्रतिशत मात्र हो । सन् १७५१ देखि २०२४ सम्म नेपालको कुल हिस्सा करिब ०.०१३ प्रतिशतमात्र छ । तर, संयुक्त राज्य अमेरिका र युरोपेली देशले लामो औद्योगिक इतिहासका कारण वायुमण्डलमा धेरै कार्बन जम्मा गरेका छन् । जसको कारण जलवायु परिवर्तनको असर छिटो छिटो भइरहेको छ । पेरिस सम्झौता, क्योटो प्रोटोकललगायतका सम्झौताहरूले जलवायु परिवर्तनको असर कम गर्न र जलवायु न्याय (climate justice) बारे धेरै नीति तथा लक्ष्यहरू तय गरेको छ तर पनि विभिन्न विकसित देशहरूले भने यी सम्झौता तथा लक्ष्यहरू हासिल गर्न पर्याप्त प्रयास नगरेको र संयुक्त राज्य अमेरिकाले भने यो सम्झौता कार्यान्वयन होइन सम्झौताबाट नै छुट्टिएको घोषणा गरिसकेको छ । यस्तो अवस्थामा जलवायु न्यायको लागि नेपालजस्तो विकासोन्मुख देशहरूले नराम्रो असरको सिकार भइरहनुपर्ने देखिन्छ ।

| देश वा समूह | सन् १७५० देखि २०२४ सम्मको हिस्सा | सन् २०२४ को वार्षिक हिस्सा |
|---|---|---|
| संयुक्त राज्य अमेरिका | २३.५२% | १२.७१% |
| युरोपेली सङ्घ | १६.२७% | ६.२९% |
| चीन | १५.४२% | ३१.८४% |
| भारत | ३.५७% | ८.२७% |
| नेपाल | करिब ०.०१३% | ०.०५% |

सन् २०२४ मा विश्वले सबै प्रकारका हरितगृह ग्यास (greenhouse gases) मिलाएर ५७.७ अर्ब टन कार्बन डाईअक्साइड बराबर उत्सर्जन गर्‍यो । यसमा विद्युत् उत्पादनको हिस्सा २७ प्रतिशत, यातायातको १५ प्रतिशत, उद्योगमा प्रयोग हुने ऊर्जाको ११ प्रतिशत र कृषिको ११ प्रतिशत थियो । कार्बन डाईअक्साइड बराबर ($CO_2$ equivalent) भन्नाले मिथेनजस्ता अन्य ग्यासको ताप बढाउने असरलाई पनि कार्बन डाईअक्साइडको समान एकाइमा रूपान्तरण गरिएको मापन हो ।

नेपालले समस्या सिर्जना गर्न अत्यन्त सानो योगदान गरे पनि हिमाली भूगोल, सीमित स्रोत र नदीकिनारमा केन्द्रित पूर्वाधारका कारण ठुलो क्षति भोग्नुपर्छ । यही असमानता जलवायु अन्याय हो । त्यसैले नेपालजस्ता देशले उत्सर्जन घटाउने प्रयाससँगै अनुकूलन (adaptation), पूर्वसूचना, सुरक्षित बस्ती र हानि-नोक्सानीको लागि अन्तर्राष्ट्रिय सहयोग मात्र होइन क्षतिपूर्ति नै पाउनु पर्दछ । विशेष गरी सबैभन्दा बढी उत्सर्जन गर्ने देशहरूले यसको जिम्मेवारी लिनुपर्दछ ।

### युद्धबाट हुने उत्सर्जन किन गनिँदैन ?

सोही विषयमा छलफल हुँदा कार्बन उत्सर्जनको एउटा मुख्य स्रोत भने सधैं नै ओझेलमा पारिएको छ । त्यो हो युद्ध । सैन्य विमान, युद्धपोत, ट्याङ्क र सैनिक शिविरले धेरै इन्धन प्रयोग गर्छन् ।

हतियार उत्पादन, तेल भण्डारमा आगलागी, वन विनाश, भग्नावशेष हटाउने काम र ध्वस्त सहर पुनर्निर्माण गर्दा पनि ठुलो उत्सर्जन हुन्छ । तर, सैन्य तथ्य गोप्य राखिने, देशले फरक विधिबाट रिपोर्ट गर्ने र युद्धपछिको पुनर्निर्माण छुट्टै क्षेत्रमा गणना हुने भएकाले यस्ता सबै उत्सर्जन एउटै विश्वव्यापी खातामा स्पष्ट रूपमा देखिँदैनन् ।

एक अन्तर्राष्ट्रिय अध्ययनले विश्वका सैन्य गतिविधि र तिनको आपूर्ति शृङ्खलाबाट कुल उत्सर्जनको करिब ५.५ प्रतिशत आउन सक्ने अनुमान गरेको छ । सीमित तथ्यबाट निकालिएको यो तथ्याङ्क ७ प्रतिशतसम्म हुन सक्ने अनुमान गरिएको छ ।

युद्धका छुट्टाछुट्टै अध्ययनले पनि ठुलो असर देखाएका छन् । सन् २०२६ को अमेरिका-इजरायलले गरेको इरान युद्धको पहिलो १४ दिनमै करिब ५.०५ मिलियन टन हरितगृह ग्यास उत्सर्जन भएको अनुमान छ, जुन विकसित राष्ट्र आइसल्यान्ड (Iceland) को सिङ्गो १ वर्षको कुल राष्ट्रिय उत्सर्जनभन्दा बढी हो । यस उत्सर्जनलाई वार्षिक दरमा हिसाब गर्दा (करिब १३१.४ मिलियन टन) यो कुवेत (Kuwait) जस्तो विकसित/धनी खनिज-इन्धन अर्थतन्त्रको पूरा १ वर्षको उत्सर्जन वा विश्वका ८४ साना देशहरूको संयुक्त वार्षिक उत्सर्जन बराबर हुन आउँछ । त्यसै गरी, अमेरिका र नेटोले थोपरेको युक्रेन युद्धबाट भएको कुल उत्सर्जन विकसित युरोपेली राष्ट्र नेदरल्यान्ड्स वा फ्रान्सको पूरा १ वर्षको कुल राष्ट्रिय उत्सर्जनभन्दा बढी छ । इजरायलले गाजामा गरेको युद्धको प्रारम्भिक भौतिक विनाश तथा संरचनाहरूको पुनर्निर्माण जोड्दा हुने करिब ३२.३ देखि ४७ मिलियन टन उत्सर्जन स्विट्जरल्यान्ड (३४.२ मिलियन टन) वा फिनल्यान्ड (३२.३ मिलियन टन) जस्ता विकसित देशहरूको सिङ्गो १ वर्षको कुल कार्बन उत्सर्जन बराबर वा १३५ साना देशहरूको संयुक्त वार्षिक उत्सर्जनभन्दा ठुलो हो । त्यसैले युद्धको कारण हुने जलवायु लागत बेवास्ता गर्न नसकिने कुरा स्पष्ट छ । तर सीमित देश वा सीमित व्यक्तिहरूको स्वार्थमा गरिएका यस्ता युद्धको असर युद्धग्रस्त देशहरूमा त छँदै छ तर यसको प्रत्यक्ष-अप्रत्यक्ष असरबाट हाम्रोजस्तो देशले पनि भोग्नु परेको छ ।

### अब के गर्नुपर्छ ?

यस भूराजनीतिक र वातावरणीय सङ्कटको सामना गर्न नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा विकसित देशहरूको जलवायु अन्यायविरुद्ध सशक्त आवाज उठाउनु अनिवार्य बनेको छ । नेपालले संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्ता (UNFCCC/COP) मा विकसित राष्ट्रहरूलाई उनीहरूको ऐतिहासिक कार्बन ऋण र पारदर्शी सैन्य कार्बन उत्सर्जनको हिसाबकिताब बुझाउन बाध्य पार्दै 'हानि-नोक्सानी कोष' (Loss and Damage Fund) बाट क्षतिपूर्ति र सोझै अनुदान पाउनुपर्ने दाबी गर्नुपर्छ । यसका साथै, सैन्य गतिविधिका उत्सर्जनलाई पेरिस सम्झौताअन्तर्गत अनिवार्य र पारदर्शी रूपमा सार्वजनिक गर्न विश्वव्यापी दबाब दिँदै प्राप्त जलवायु कोषको रकम स्थानीय चेतावनी, सुरक्षित पुनर्वास र बलियो उत्थानशील पूर्वाधारमा लगानी गरिनुपर्छ ।

रसुवा महाविपद्को पाठका आधारमा नेपालले हिमाली उच्च भाग, नदी र तल्लो तटीय बस्तीलाई एकीकृत 'स्रोत-देखि-असर' (Source–to–Receptor) जोखिम प्रणाली मानेर अध्ययन गर्ने नीति लिनुपर्छ । यसका लागि कुनै एउटा विज्ञता वा क्षेत्रमा केन्द्रित नभई बहुआयामिक, बहुक्षेत्रीय अध्ययन र पूर्वसूचना प्रणालीहरूलगायतका विधिहरू अपनाउनुपर्दछ । भूउपग्रहहरूमार्फत हिमाली क्षेत्रलगायतको जोखिमयुक्त क्षेत्रहरूको निरन्तर अनुगमन, भूकम्प मापन, मौसम विज्ञान र नदीको जलस्तरलाई एउटै बहु-प्रविधियुक्त पूर्वचेतावनी प्रणाली (Multi–Sensor Early Warning System) मा जोड्नुका साथै नेपाल र चीनबिच सीमा क्षेत्रको मौसम र पहिरोसम्बन्धी वास्तविक समयको तथ्याङ्क साटासाट ( Real–time Transboundary Data Sharing) गर्ने बलियो द्विपक्षीय संयन्त्र बनाउन आवश्यक छ । तल्लो तटीय क्षेत्रमा साइरन, मोबाइल सन्देश, स्थानीय रेडियो र समुदायका स्वयंसेवकमार्फत अन्तिम व्यक्तिसम्म सूचना पुग्ने पूर्वअभ्यास नियमित गराउनुपर्छ । साथै पूर्वसूचना तथा चेतावनीका सन्देशहरूलाई समयमै सबैले बुझिने गरी दिनुपर्दछ ।

साथै भविष्यमा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न भौतिक पूर्वाधार तथा पुनर्निर्माणका क्षेत्रमा, जलविद्युत्, पुल र सडकको डिजाइन गर्दा पानीको बहाव मात्र नभई ढुङ्गा र लेदोको गति तथा संवेग (Dynamic Bulking Force) हिसाब गर्नेबारे छलफल र अध्ययन गरी नयाँ नियमहरू बसाल्नुपर्छ । मानव बस्ती बसाइने क्षेत्रहरूमा विशेष गरी बाढी फर्केर जम्ने (Backflow) र जोखिमयुक्त नदीकिनारहरूमा कडा भू-उपयोग नियम (Land–use Zoning) लागू गर्दै विपद्पछि पुरानै जोखिमपूर्ण ठाउँमा संरचना नबनाई नयाँ जोखिम मूल्याङ्कनका आधारमा सुरक्षित स्थानमा जोखिम-सूचित पुनर्निर्माण गरिनुपर्छ । यी र यस्ता विषयसँगै नेपालका लागि जलवायु न्याय (Climate Justice for Nepal) भनेको कुनै सहायता वा दया होइन, विकसित देशहरूले निम्त्याएको वैश्विक सङ्कटविरुद्ध हाम्रो अधिकार र स्वाभिमानको लडाइँ हो भनेर सशक्त आवाज उठाउनुपर्दछ ।

### सन्दर्भ सामग्रीहरू

१. Li, R.(2026). Gyirong mixed rockice disaster reconstruction.
२. Guo, L. et al. (2026), Progressive entrainment transformed a high–elevation ice–rock avalanche in Nepal into the 26 August debris flow in Gyirong. Xizang. Chinese Science Bulletin (CSB).
३. Xu, D. (2026). The 26 August 2026 Langtang Lirung ice–rock avalanche and its transboundary cascadeM a multi–source observational reconstruction in the Bhote Koshi basin. EarthArXiv preprint.
४. नेपाल सरकार, परराष्ट्र मन्त्रालय भोटेकोसी बाढी अद्यावधिक, ८ सेप्टेम्बर २०२६ ।
५. नेपाल सरकार, गृहमन्त्रालय Search, Rescue and Relief Response Situation Reports (३०१-०९), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौँ । NDRRMA (२०२६). Rasuwa–Bhotekoshi FloodM
६. संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता नियोग –UN OCHA/ReliefWeb (2026). Nepal:Rasuwa Flood Situation Reports -No. 1 to No.7) UN Resident Coordinator±s Office, Nepal.
७. Global Carbon Budget 2025 & Our World in Data. Global Carbon Emissions and Historical Contributions (१८५०-२०२४).
८. UNEP (२०२५). Emissions Gap Report २०२५. United Nations Environment Programme (UNEP), Nairobi.
९. World Resources Institute (WRI) & Climate Watch (२०२०-२०२६).
Navigating the NumbersM Cumulative Emissions & Country Greenhouse Gas Indicators. Washington, DC.
१०. CEOBS & Scientists for Global Responsibility (SGR). Military Emissions Estimate and Accounting Framework.
११. Initiative on GHG Accounting of War (2026) Climate Damage Caused by WarM Ukraine Assessment 2026.
१२. Gayle, D/The Guardian & Climate and Community Institute (2026). ५m tonnes of CO2 emitted in just 14 days of US war on Iran, analysis finds. The Guardian.
१३. De Pasquale, T./ ClimaTalk (2025). How Are Wars Affecting Climate Change? Scope १. २ and ३ Military Emission Accounting. ClimaTalk .
१४. IRIS Institute for International and Strategic Affairs (2026). The war in IranM a conflict with lasting environmental and health consequences. Paris, France.

**विरोधीहरूबिच...**

नमिल्ने कम्युनिस्ट पार्टी छ । देशमा पुँजीवादी व्यवस्थामा रहेरै आमूल परिवर्तन गर्न सक्ने र वर्गसङ्घर्षले मात्र परिवर्तन गर्न सक्ने मतका कम्युनिस्ट पार्टीहरू छन् । यसरी कम्युनिस्ट पार्टीभित्र पनि अन्तरसङ्घर्ष छ । उनीहरू वर्ग शत्रुविरुद्ध लड्न या मुख्य शत्रुविरुद्ध लड्न स-साना शत्रुहरूबिच मिल्न पनि सक्छन् । उनीहरू साम्राज्यवाद, विस्तारवाद, उपनिवेशवादविरुद्ध लड्न, कार्यगत एकता गर्न सक्छन् । समय परिस्थितिले आमूल परिवर्तनको निम्ति कम्युनिस्टहरू एक ठाउँमा बस्नुपर्ने दिन पनि आउने छ । कम्युनिस्ट पार्टीको एकता सिद्धान्त र विचारको आधारमा हुन्छ । मार्क्सले भनेका थिए; 'सिद्धान्तहीन एकताभन्दा फूट झन् राम्रो ।'

**कार्की...**

२६ (च) का साथै दफा २४ र २५ मा गरिएको 'निजी रक्षा' को अवस्थासँग बढी मेल खान्छ । तर, निजी रक्षाको अवस्थामा पनि 'मनासिव' भन्दा बढी बल प्रयोग गरिने छैन भनी बलको प्रयोग Proportionate हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

सामान्यत: कानुनमा गरिएको व्यवस्थालाई हेर्दा शान्ति बहाल गर्न र अमन चयन कायम राख्न स्थानीय प्रशासन ऐन, २०२८ ले सम्बन्धित जिल्लाको प्र.जि.अ.लाई अख्तियारी दिएको छ । तर, काठमाडौँजस्तो देशको राजधानी भएको ठाउँमा विभिन्न शक्ति केन्द्रहरू छन् जहाँबाट विभिन्न प्रकारका आदेश/निर्देशन प्रेषित हुन्छन् । भदौ २३ र २४ गते घटनाको बारेमा राष्ट्रिय सुरक्षा परिषद्, केन्द्रीय सुरक्षा समितिजस्ता विशिष्ट प्रकृतिका सरकारी निकायहरूले सुरक्षा विश्लेषण गरेको र जिल्ला सुरक्षा समिति पनि आफ्नो किसिमले सुरक्षा नीति बनाई पास गरी लागू गरेको थियो । साथै भदौ २३ गतेको घटनाका सम्बन्धमा प्र.जि.अ.ले गृहसचिव हुँदै गृहमन्त्री र गृहमन्त्रीले पनि प्रधानमन्त्रीलाई जानकारी गराइरहेको देखिन्छ । साथै, प्रहरीले आफ्नो च्यानलमार्फत प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरीले सशस्त्र प्रहरी महानिरीक्षक र सेनाले प्रधानसेनापतिलाई त्यतिखेर विद्यमान अवस्थाको बारेमा जानकारी गराई आवश्यक निर्देशन लिइरहेका थिए । विभिन्न प्रकारका निर्णायक निकायहरूको विद्यमानताले काठमाडौँ प्र.जि.अ. को आदेश भदौ २३ गते घटिरहेको घटनालाई नियन्त्रणमा लिई शान्ति बहाल गर्न समन्वय (Co-ordination) को कमी भई प्र.जि.अ.को आदेश प्रभावकारीरूपमा कार्यान्वयन हुन नसकेको हुनसक्छ । तर, यही कारणले मात्र शान्ति स्थापना हुन नसकेको भन्ने ठोस आधार भने देखिँदैन ।

भदौ २३ गते संसद् भवन परिसरमा हतियारसहित डिउटी खटिएका के कुन प्रहरीले कुन समयमा घातक बल प्रहार गऱ्यो भन्ने प्रश्नमा पनि सम्बन्धित अधिकारीहरूले आयोगसमक्ष दिएको बयानमा प्रस्ट यकिन साथ भन्न सकेको देखिँदैन । बल प्रयोगको सही समय नदिनमा प्रहरीले अख्तियारीबिना बल प्रयोग गरेको थियो भन्ने संसय हुनसक्छ । त्यसभन्दा बरु जानकारी नै नदिन उचित हुन्छ भने सम्बन्धित अधिकारीहरूको धारणा रहेको पनि हुनसक्छ ।

Ballistic Audit नहुनु पनि प्रहरीको चरम लापरबाही र कमजोरी देखिन्छ । प्रहरीले डिउटीमा खटिनुपूर्व के कुन हतियार, के कति सङ्ख्यामा गोलीगट्ठा बुझी लगी डिउटी पूरा गरी कार्यालयमा फिर्ता आउँदा बुझि लगेको परिणामबमोजिमको गोलीगट्ठा बुझायो वा खर्च गरेको सङ्ख्याअनुसार गोली शस्त्रागार (Armory) मा बुझाएको अभिलेख (Record) सम्पूर्ण प्रहरी एकाइहरूमा राखिने प्रचलन प्रहरी सङ्गठनभित्र कार्यान्वयन हुने Accepted norm हो ।

भदौ २३ र २४ गतेको हतियार गोलीगट्ठाको अभिलेख नेपाल प्रहरीले भदौ २४ गते प्रहरी एकाइहरूमा आक्रमण र आगजनी हुँदा सो अभिलेख जली नष्ट भएको भनिएको सन्दर्भमा पनि मौखिक रूपले नै सङ्कलन गरी उक्त अभिलेख पठाउनुपर्नेमा बहाना बनाई नेपाल प्रहरीका नेतृत्व तहको गैरजिम्मेवारीपूर्ण रूपमा भनाइ रहेको र सशस्त्र प्रहरी बल नेपालको प्रमुखले सो उल्लेखित अभिलेख पछि पठाउँछु भनी हालसम्म ताकेता गर्दा पनि नपठाउने गैरव्यवसायिक काम गरेको देखिन्छ ।

**भक्तपुरमा...**

जिल्लाका विद्यार्थीहरूको प्रतिनिधित्व रहेको बताउनुभयो ।

भक्तपुरवासी जनताको करबाट स्थापना भएको कलेजले देश र जनताको सेवामा समर्पित जनशक्ति उत्पादन गरिरहेको उहाँको भनाइ थियो ।

नेमकिपा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विद्यार्थीहरूको अध्ययन, बसाइँ तथा भविष्य सफल, सुखद र प्रतिस्पर्धात्मक बन्ने विश्वास व्यक्त गर्दै विपद् तथा चुनौतीहरूको सामना गर्दै सुरक्षित समाज र सुरक्षित देश निर्माणको लागि सबै एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नयाँ पुस्ताले विभिन्न चुनौती र विपद्को सामना गर्दै आफूलाई मानसिक, शारीरिक तथा मनोवैज्ञानिक रूपमा बलियो बनाइसकेको उल्लेख गर्दै आगामी चुनौती सामना गर्ने क्षमता पनि विकास गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो ।

इतिहासमा विभिन्न मुलुकले कठिन परिस्थिति र विपत्तिको सामना गर्दै आफूलाई सफल राष्ट्रका रूपमा अघि बढाएको उदाहरण प्रस्तुत गर्दै उहाँले नेपालले पनि विभिन्न कालखण्डमा अनेकौँ विपद् र चुनौती सामना गर्दै अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले भियतनामका नेता होचि मिन्हको नेतृत्वमा भएको सङ्घर्षको प्रसङ्ग उल्लेख गर्दै कठिन परिस्थिति र निरन्तर सङ्घर्षले मानिस तथा समाजलाई अझ दृढ र सक्षम बनाउने बताउनुभयो ।

नेपालले भूकम्प, बाढी, पहिरो, महामारीलगायत विभिन्न प्राकृतिक तथा सामाजिक सङ्कटको सामना गर्दै आएको उल्लेख गर्दै उहाँले ती चुनौतीबाट खारिँदै समाज अघि बढिरहेको बताउनुभयो ।

उहाँले पछिल्लो पुस्ता विगतको तुलनामा धेरै क्षेत्रमा सक्षम र सचेत बन्दै गएको बताउँदै सुरक्षित समाज, सुरक्षित देश र सुरक्षित विश्व आजको आवश्यकता भएको बताउनुभयो ।

सुरक्षित र सुरम्य समाजको परिकल्पना गरिरहेको बेला विश्वमा बढ्दै गएको सैन्य प्रतिस्पर्धाप्रति पनि उहाँले चिन्ता व्यक्त गर्दै अन्तरिक्षमा समेत हतियारको प्रतिस्पर्धा बढ्दै गएको समाचारले विश्व समुदायलाई सशङ्कित बनाएको बताउनुभयो ।

इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयका प्रा. डा. विष्णुप्रसाद पाण्डेले प्रतिस्पर्धात्मक प्रक्रियाबाट ख्वप इन्जिनियरिङ कलेजमा भर्ना भएका विद्यार्थीहरूलाई बधाई दिँदै अध्ययनको पहिलो खुड्किलो सावधानीपूर्वक अघि बढाउन आग्रह गर्नुभयो ।

इन्जिनियरिङ अध्ययन गरेका विद्यार्थीहरू प्राविधिक क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यसहित समाधानमुखी सोच, ज्ञान, सीप र सकारात्मक चिन्तनको विकासमा केन्द्रित हुनुपर्ने उहाँले बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले कलेज स्थापनाको २५ वर्ष पूरा भएको जानकारी दिँदै ख्वप सर्कलको स्थापनाको पृष्ठभूमिबारे प्रकाश पार्नुभयो ।

उहाँका अनुसार ख्वप इन्जिनियरिङ कलेजबाट हालसम्म ५ हजार ६३५ जना र ख्वप कलेज अफ इन्जिनियरिङबाट २ हजार ९५९ जना विद्यार्थीले अध्ययन गरिसकेको बताउँदै दुवै कलेजबाट ६ हजारभन्दा बढी इन्जिनियर उत्पादन भई विभिन्न क्षेत्रमा कार्यरत रहेको जानकारी दिनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले नवआगन्तुक विद्यार्थीहरूलाई ख्वप परिवारमा स्वागत गर्दै ख्वप संस्कृतिलाई आत्मसात् गर्न आग्रह गर्नुभयो । अनुशासन, मेहनत र बौद्धिक क्षमताका साथ देश तथा समाजमा समर्पित हुने उद्देश्य कलेजले लिएको उल्लेख गर्दै उहाँले गुणस्तरमा कुनै सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका आर्किटेक्चर विषयका २०७७ ब्याचका उत्कृष्ट विद्यार्थी जमुना बमनु तथा ख्वप कलेज अफ इन्जिनियरिङका सिभिल इन्जिनियरिङ विषयका २०७८ ब्याचका उत्कृष्ट विद्यार्थी प्रसिद्धराज पोखरेलले आफ्नो इन्जिनियरिङ अध्ययन अनुभव सुनाउनुभएको थियो । उहाँहरूले विद्यार्थीहरूलाई ठुला सपना देख्दै साना कामबाट सुरुवात गर्न, गल्तीबाट सिक्दै अघि बढ्न तथा निरन्तर सुधारमा ध्यान दिन प्रेरित गर्नुभयो । इन्जिनियरिङ अध्ययनलाई बोझ नभई सुन्दर यात्राको सुरुआतका रूपमा लिनुपर्ने तथा असफलताबाट सिक्दै अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा कलेजका आ. अर्चना बाडे श्रेष्ठले पनि बोल्नुभएको थियो ।


## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


**सिद्धि गणेश कर्नर** — हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

## ३२औं वार्षिक साधारणसभामा उपस्थिति हुनेसम्बन्धी सूचना

यस संस्थाको **३२औं वार्षिक साधारणसभा कार्यक्रम** देहायका विषयहरूमा छलफल तथा निर्णयहरू गर्न **मिति २०८३/६/१७ गते, शनिबार दिउँसो १:00 बजे महेश्वरी बैङ्क्वेट, थुसाँचामा आयोजना गरिने** हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू:**

१. आ.व. २०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व. २०८२/०८३ को आयव्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व. २०८३/०८४ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारणसभाको माइन्युट प्रमाणीकरण

***नोट:***

**१.** मिति २०८३/०६/१६ गते, शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**) र सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं. ८००१ देखि माथिका सदस्यहरू**) उपस्थिति तथा सुझावपुस्तिका खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**२.** मिति २०८३/०६/१७ गते, शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैङ्क्वेट) सभा स्थलमा उपस्थिति खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**३.** संस्थामा मिति २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च वापत रु.४७१।-(करकट्टी पछि रु.४००) प्रदान गर्ने हुँदा सदस्यहरुले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**


'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७ चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE


## हार्दिक समवेदना



जन्म : २०००/०७/१५
निधन: २०८३/०५/१७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ इनाचो टोल बस्ने यस संस्थाका सदस्यता नं. १३६३ का सदस्य **केशरी दुमरु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

**भक्तपुर नगरपालिका**

## अरनिको सभा भवन निर्माण आयोजना

देकोचा-६, भक्तपुर

## बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति :** २०८३/०६/०२

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अरनिको सभा भवन निर्माण आयोजनाबाट चालु आ.व. ०८३/८४ का लागि देहायबमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त गरेका निर्माण व्यवसायीहरूले आवश्यक कागजातसहित बोलपत्र फाराम खरिदको लागि यो सूचना प्रकाशन गरिएको छ । Bid Submit गर्न कार्यालयको निम्नानुसारको राजस्व खातामा Bid Price दाखिला गरी सोको सक्कल भौचरसमेत पेस गर्नुपर्नेछ । यसको लागि Bidder को योग्यता (Qualification Criteria) Bid Document मा उल्लेख गरिएको छ ।

**बैङ्कको नाम :** नेपाल बैङ्क लिमिटेड
**खातावालाको नाम :** भक्तपुर नगरपालिका
**कार्यालय कोड नं. :** ८०३३३४०२
**धरौटी खाता नं. :** ०१९०३०००००३००००००००३
**राजस्व खाता नं. :** ०१९०३००००१००१००००००३
**राजस्व शीर्षक नं. :** १४२१३

**विवरण**

| सि.नं | ठेक्का नं. | कामको विवरण | Estimated Amount | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १. | Araniko/NCB/works/01/083/84 | Supply, Fabrication & Installation of Structural Steel works for Cantilever Slab for Araniko Sabhabhaban Building Construction Project. Ward no.6, Dekocha, Bhaktapur | Rs.80,63,709.16 (With Vat) | रु. ३,०००।- | रु. २,१०,०००।- |

**प्रिबिड मिटिङ हुने मिति/समय :** २०८३/०६/१४ गते, दिउँसो १:०० बजे
**स्थान :** अरनिको सभा भवन निर्माण आयोजनाको कार्यालय
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय :** २०८३/०६/२३ गते शुक्रबार, दिउँसो १२:०० बजे
**बोलपत्र खोलिने मिति/समय/स्थान :** २०८३/०६/२३ गते शुक्रबार, दिउँसो २:०० बजे, भक्तपुर नगरपालिकाको कार्यालयको बैठक कक्ष
**विस्तृत जानकारीका लागि :** कार्यालय (०१-६६२०९३२), ९८४३६३३१६०

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा